# कमल बुलेटिन

वर्ष : २ अङ्क : २/३ साउन-२०७७

























बामपन्थी आन्दोलनका अगुवा तथा तत्कालीन लखनपुर गाविस अध्यक्ष भोजकुमार घिमिरेलाई सम्मान गरिदैं ।




लोकतान्त्रिक आन्दोलनका अगुवा पूर्णानन्द शर्मा दाहाललाई सम्मान गरिदैं ।




कमल गा.पा.का तर्फबाट महिला स्वास्थ्य स्वयम्सेविकाहरुलाई साइकल प्रदान ।



खानेपानी शिलान्यास कार्यक्रम




अपाङ्गता भएकालाई सहायता सामग्री वितरण



वडा नं. ५ कार्यालय शिलान्यास कार्यक्रम



सुधारिएको चुलो वितरण



सहायता सामग्रीका साथ अपाङ्गता भएका व्यक्तिहरु




गाउँपालिकाद्वारा बजार अनुगमन



बाल्मिकी सिमसार क्षेत्र अवलोकन




गाउँपालिकाको अर्धवार्षिक समीक्षा गोष्ठी



कार्यकक्षमा छलफल गर्दै गाउँपालिका अध्यक्ष




वडा नं. ७ को भवन उद्घाटन समारोह



वडा नं. ३ मा निर्माणाधीन शिशा बाँध




वडा नं. ७ को भवन हस्तान्तरण कार्यक्रम



विकास योजनाको अनुगमन




कमल वडा नं. ५ र दमक जोड्ने रतुवा खोलाको पक्की पुल



विकास योजनाको अनुगमन



अन्तर्राष्ट्रिय महिनावारी स्वच्छता दिवसमा सहभागीहरु



# कमल बुलेटिन


वर्ष : २ अङ्क : २/३ साउन २०७७

**प्रकाशक**:
कमल गाउँपालिकाको कार्यालय
कमल, झापा

**संरक्षक**
मेनुका काफ्ले
अध्यक्ष, कमल गाउँपालिका, झापा

**सल्लाहकार**
बेनुप्रसाद शिवाकोटी
उपाध्यक्ष, कमल गाउँपालिका, झापा
सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
कमल गाउँपालिका, झापा

**सम्पादक**
गोपाल झापाली
उमानाथ भण्डारी

**व्यवस्थापन**
विजय तिम्सिना
सुचना अधिकारी
कलम गाउँपालिका झापा

**कम्प्युटर**
तुलसीराम सापकोटा

**सहकार्य**
मदानी मिडिया, झापा

**मुद्रण**
पाथीभरा अफसेट प्रेस
दमक-५, झापा, फोन ०२३-५८१५३३


## यस भित्र


- सम्पादकीय
- गाउँसभा सम्पन्न
- सहायता सामग्री प्रदान
- खानेपानी विस्तार हुँदै
- आलु उत्पादनमा व्यवसायिक प्रयास
- अग्नीपिडीतलाई सहयोग
- ७७ जनालाई रोजगारी
- कमल गाउँपालिकाको विकास र अनुभव
- विषादी प्रयोगमुक्त सप्ताह
- गाउँपालिका स्तरीय कराते प्रतियोगिता
- किसानलाई ब्रुडर प्रदान
- महिला दिवसमा सम्मान र पुरस्कार
- विपन्न सन्थाललाई घर
- विकास योजनाहरुको अनुगमन
- मन्त्री कार्कीद्वारा सडक शिलान्यास
- भव्य रुपमा मनाईयाये धान दिवश
- सूर्यमुखी खेतीमा प्रोत्साहन
- वडा नं. ५ को भवन बन्दै
- कमला मदन नमूनाका लागि छनौट
- पहिचान झल्कने प्रतिक निर्माण
- कमलमा कोरोना विरुद्धको एकता
- राहत संकलन विवरण

लगायत

सम्पादकीय

# उठौं, जुटौं, अघि बढौं

कोरोना भाईरस-कोभिड १९ को महामारीले विश्वलाईनै त्रसित बनायो । नेपालमा पनि २०७६ को चैत देखि करिव ५ महिना जनजीवन अस्तव्यस्त भयो । चैत ११ मा संघीय सरकारले लकडाउन घोषणा गरे पछि त हरेक व्यक्तिको दैनिकी र जीवनशैली नियन्त्रित बन्न पुग्यो । महामारी नियन्त्रणका लागि यो एउटा बाध्यता पनि थियो । महामारी फैलिन नदिन विश्वका विश्वका अधिकांश मुलुकले यहि अभ्यास गरेका थिए, जुन नेपालले पनि नगरि भएन ।

महामारीको समयमा कमल गाउँपालिकाले पनि जनस्वास्थ्यको ख्याल गर्दै विभिन्न प्रयासहरु गऱ्यो । क्वारेन्टीनको निर्माण, सञ्चालन, हेल्प-हेल्थ डेस्क सञ्चालन, जनचेतना फैल्याउने, अत्यावश्यकीय वस्तु तथा सेवाको आपूर्ती जस्ता कुराहरुमा स्थानीय सरकारले आफ्ना श्रोत साधनहरुको परिचालन गरि गाउँपालिकाबासीलाई सके सम्म सुरक्षित बनाउने प्रयास गरियो ।

पहिलो पटक भोग्नु परेको लकडाउन, आउ-जाउनै बन्द, सवै व्यवसाय ठप्प, उद्यमहरु बन्द । निक्कै सकसपूर्ण बन्यो लकडाउनको समय । तर क्रमिक रुपमा जीवन र जीवनशैलीलाई हामीले अघि बढाउनुनै पर्ने छ । सावधानीका सम्पूर्ण उपायहरु अपनाउँदै, सजग बन्दै नियमित दैनिकि र व्यभार अघि बढ्न थालेको छ । यस विचमा पनि हामी सवैले आफु र आफु निकटका व्यक्तिहरुको सुरक्षाका लागि गम्भिर हुन त जरुरीनै छ । तर हामीले कोरोना भाईरसबाट पाठ सिक्दै, आगामी दिनमा यस्ता महामारी आएमा कसरी जोगिने, समाज र अर्थतन्त्रलाई कसरी जोगाउने, दैनिकीलाई कसरी सहज बनाउने भन्ने तर्फ पनि सजग बन्न आवश्यक देखिएको छ । अब महामारी पछिको यो समयमा हामी सवै सजग बनौं, सतर्क रहौं । महामारी नियन्त्रणको बेला जसरी समाजका सवै पक्षको सहकार्य, समन्वय तथा एकता रहयो । आगामी दिनमा यो सहकार्यलाई निरन्तरता दिँदै हामी सवै उठ्न र जुट्न आवश्यक छ ।

# एक वडा, एक उत्पादनमा जोड

**मेनुका काफ्ले**
**अध्यक्ष, कमल गाउँपालिका**



दुईदशक भन्दा लामो समयपछि जनप्रतिनिधी आएकाले हामी जनप्रतिनिधी निर्वाचित भएर आउँदै गर्दा हामीप्रति गाउँपालिकावासीको अकांक्षा उच्च हुनु स्वभाविकै पनि हो । जनप्रतिनिधी निर्वाचित भएर आएपछि हामीले पूर्वाधार निर्माण तथा विकाससँगै शिक्षा, कृषि लगायतका क्षेत्रमा उच्च प्राथमिकता दिएर काम गरेका छौं । हामीले कार्यभार लिएको पनि ३ वर्ष पूरा भएको छ । यो अवधीलाई फर्किएर हेर्दा के लाग्छ भने, हामीप्रति जनचाहना उच्च थियो । त्यो चाहनालाई धेरै हदसम्म संवोधन गरेको महसुस गरेकी छु । अस्तव्यस्त भएको विकास क्रमलाई व्यवस्थित गरेका छौं । अहिलेको स्थानीय तह विगतको स्थानीय निकाय जस्तो मात्र पनि होईन । हामीले हाम्रालागि चाहिने कानून समेत आँफै बनाएर काम गरिरहेका छौं भने न्यायिक समितिमार्फत आधारभूत रुपमा न्यायको अनुभूती दिलाउने काम पनि गरिरहेका छौं । सवै वडामा वडा कार्यालय मार्फत कार्य सम्पादन भईरहेको छ । केहि त आफ्नै भवनमा सञ्चालन हुन थालेका छन् ।  वडा नं.७ को आफ्नै भवन बनि सकेको छ भने ५ नम्बर वडा कार्यालय निर्माणको प्रकृयामा छ । यस्तै अरु ३ ओटा ३, १ र ४ नम्बर वडा कार्यालय पनि बन्ने योजनामा छनौट गरिएको छ । यि आउँदो वर्ष पूरा हुनेछन् । पूर्वाधारतर्फ ठुला सडकको कुरा गर्दा केर्खा सरङ्पाडा बैगुनधुरा सडक बनेको छ । सहिद मार्ग पाडाजुंगी झर्का सडक पनि निर्माणाधिन छ । कालोपत्रे धमाधम भएको छ । केर्खा पाडाजुंगीमा ड्रेन बनेको छ । सरङ्पाडा, गेउरीया, क्याम्पा बजार व्यवस्थापन भईरहेको छ । सिम्लेमा रतुवा खोला तर्न तथा कमल खोलामा पनि संघीय सरकार मार्फत पुल बनेको छ । कमलबासी तथा जनप्रतिनिधीहरुको लामो समयको मेहनत पछिनै यि योजनाहरु पूरा भएका हुन् । प्रत्येकवडाबाट गाउँपालिका जोड्ने सडक स्तरोन्नती गरिएको छ । काठका विद्युतीय पोल विस्तारको काम भई रहेको छ । सवै वडामा स्वच्छ खानेपानी पुऱ्याउने लक्ष्य सहित काम अघि सारिएको छ । २ नम्बर वडामा साढे ४.५ लाख लिटरको पानीटंकी बन्दैछ । सिम्लेमा पनि प्रदेश सरकार मार्फत खानेपानीको काम हुँदैछ । पर्यटकीय क्षेत्रको रुपमा साधुहोली, बाल्मिकी, कमल पोखरी विकास गर्ने तर्फ जुटेका छौं । पूर्वाधार निर्माण सहित कृषि क्षेत्रलाई हामीले असाध्यै बढि प्राथमिकता दिईएको छ । एक वडा एक उत्पादनको लक्ष्य सहित कार्यक्रम अघि बढाईएको छ । जस अनुसार वडा नं २ आलु ब्लक तथा ४ नम्बरलाई बंगुर पालन क्षेत्रको रुपमा विभिन्न कार्यक्रम सञ्चालन भई रहेको छ । जहाँ सिँचांई छैन त्यहाँ खेती गर्ने किसानहरुलाई मोटर दिईएको छ । पावर ट्रेलर प्रदान, टनेल वितरण, प्राविधिक ज्ञान प्रदान, किसानका समुहहरु गठन हुने क्रम बढेको छ । जैविक उत्पादनलाई प्रोत्साहनका लागि जैविक मल तथा प्रविधि हस्तान्तरणको काम भईरहेको छ । यि सवै योजना र कार्यक्रमको कमलबासीहरुले महसुस गर्नु भएको छ ।

बाँकी पृष्ठ ४५ मा

## गाउँपालिकाका विकास तथा गतिविधिहरू



प्रधानमन्त्री के.पी. शर्मा ओलीसँग विकासका एजेण्डाबारेको भेटघाटमा गाउँपालिका अध्यक्ष मेनुका काफ्ले लगायत ।










## कोरोना महामारी नियन्त्रणका प्रयासहरू


















## मापदण्ड पूरा भएपछि मात्रै कार्यान्वयन



बेनुप्रसाद शिवाकोटी
उपाध्यक्ष, कमल गाउँपालिका

हामीले निर्वाचित भएर तीनवर्ष बिताई रहँदा अत्यन्तै धेरै योजनाहरु पूरा गरेका छौं । काम गर्ने सन्दर्भमा अलिक समस्या भएको चाहिँ योजनालाई पारदर्शी र व्यवस्थित बनाउने कुरा हो । तर हामीले हाम्रो योजना अनुगमनको कुरालाई व्यवस्थित गर्नका लागि २ लाखसम्मको योनजालाई वडालेनै अनुगमनको जिम्मेवारी दिएका छौं । सोहि अनुसार हुँदै पनि आएको छ । २ लाखभन्दा माथिका योजना गाउँपालिकामार्फत अनुगमन हुने गरेको छ भने वडा पनि सहभागी हुने गरेको छ । हामीले मापदण्ड पूरा भएपछि मात्रै कार्यान्वयनको प्रकृयालाई अघि बढाउने गरेका छौं । कार्यान्वयनकै क्रममा पनि वडाले अनुगमन गर्ने गरेको छ । वडा समितिको सिफारिस सहित सवै कागजात आएपछि मात्रै गाउँपालिकाको टोली अनुगमनकालागि जाने गरेको छ । अनुगमनका क्रममा गुणस्तर, स्टिमेट कार्यान्वयन, उपभोक्ताको गुनासो संवोधन लगायतका काम गर्ने गरेका छौं । काम पूर्ण सम्पन्न भएपछि अनुगमन समितिले त्यसलाई पूर्णता दिने गरेको छ । यस्तै संघ तथा प्रदेशमार्फत कार्यान्वयन भएका योजनामा पनि रेखदेख तथा अनुगमन समिति मार्फत निगरानी गर्ने, हाम्रा प्राविधिक पनि गएर अनुगमन गर्ने लगायतका काम हुने गरेका छन् । कमल गाउँपालिकामा हाम्रो स्थानीय सरकारसँगै प्रदेश तथा संघीय सरकार मार्फत पनि विभिन्न योजनाहरु अहिले तिव्र रुपमा कार्यान्वयन भइरहेका छन् ।

## कृषिको क्षेत्रमा जोड



सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत,
कमल गाउँपालिका

कमल गाउँपालिकाले नियमित कार्यक्रम तथा पूर्वाधार विकासका साना योजनाहरुसँगै केहि खास योजनाहरुलाई पनि अघि सारेका छौं । ति मध्येको एक आगामी वर्षभित्रमा सवै वडामा वडा कार्यालयबाटै सेवा उपलव्ध गराउँने हाम्रो लक्ष्य छ । हामीले केहि ठुला योजनाहरु सञ्चालन गर्ने योनजा बनाएका छौं । सवै टोल र घरमा खानेपानी पुऱ्याउने लक्ष्य सहित डीपीआर बनाइएको छ । त्यसै अनुरुप तोपगाछी खानेपानी आयोजना शुरु हुन लागेको छ । यसले १ र २ का सवै घरधुरीमा खानेपानी उपलव्ध गराउने छ भने यो योजना १३ करोडको हाराहारिमा बन्दैछ । यस्तै ११ करोडमा सडक कालोपत्रे लगायतका काम अघि बढेका छ भने सहज रुपमा स्वास्थ्य सेवा उपलव्ध गराउन सवै वडामा आगामी वर्ष स्वास्थ्य चौकी बनाइदैछ । आर्थिक वर्ष २०७६/०७७ मा कोभिड-१९ महामारीका कारण काम गर्न केहि कठिनाई भयो । यो महामारीका कारण योनजा मात्र होईन धेरै कुरामा असर परेको छ । विकास निर्माण, बजेट परिचालन, कर्मचारी परिचालन लगायतमा पनि समस्या पऱ्यो । त्यसैले केहि योजना आगामी वर्षमा पनि लानु पर्ने अवस्था बनेको छ । हामीले सघं र प्रदेशलाई पनि त्यसै अनुसार आग्रह गरेका छौं ।

कृषिको क्षेत्रमा हामीले धेरै जोड दिएका छौं । कोभिडले हामीलाई एउटा सन्देश पनि के दियो भने कृषि पेशालाई हामीले प्राथमिकता दिनैपर्ने देखियो । त्यसैले कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणमा हामीले जोड दिएका छौं । व्यवसाय प्रर्वधन कोषमार्फत रोजगारी टुटेकाहरुलाई विना व्याज रकम उपलब्ध गराउने हाम्रो उदेश्य छ । वैदेशिक रोजगारीबाट आएकाहरुले पनि हाम्रो कार्यविधिभित्र रहेर रकम लिन चाहनु भयो दिने दिन्छौं ।

यसैगरि प्राङ्गारिक खेतीकालागि ल्यावनै बनाउने योजना छ । गाउँपालिकामानै प्राङ्गारिक मल उत्पादनको प्रकृया अघि बढेको छ । सवै सहकारीहरुलाई एक उत्पादनमा जोड दिन आग्रह गरेका छौं । पूर्वाधार निर्माणका योजना त निरन्तर चलिरहेने भए । आवश्यकताका आधारमा हामीले पूर्वाधारको क्षेत्रमा प्राथमिकता निर्धारण गरेका छौं ।

# गाउँसभा सम्पन्न, उत्पादन क्षेत्रमा जोड




झापाको कमल गाउँपालिकाले गत असार १० गते सातौं गाउँसभामा प्रस्तुत गरिएको आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट, नीति तथा कार्यक्रम सर्वसम्मत रुपमा पारित गरिएको छ। गाउँसभाको उद्घाटन प्रदेश १ का आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मतकुमार कार्कीले गर्नु भएको थियो। गाउँपालिकाले ८१ करोड ८५ लाख ९१ हजार ७ सय ९९ रुपैयाँको बजेट पारित गरेको हो। परित गरिएको बजेटमध्ये पूर्वाधार विकासतर्फ २४ करोड ६७ लाख ६१ हजार ७ सय ९९ रुपैयाँ र अर्थिक विकासतर्फ ४ करोड ४७ लाख ६० हजार रुपैयाँ विनियोजन गरिएको छ। पूर्वाधार विकासतर्फ कूल बजेटको ३० दशमलव १५ प्रतिशत तथा आर्थिक विकासतर्फ बजेटको ५ दशमलव ४६ प्रतिशत रहेको छ। त्यसैगरी सामाजिक विकासतर्फ २० करोड ५७ लाख ६० हजार रुपैयाँ विनियोजन गरिएको छ भने वातावरण तथा विपद व्यवस्थापनतर्फ ६६ लाख रुपैयाँ विनियोजन गरिएको छ। गाउँपालिकाले संस्थागत क्षमता विकासतर्फ ८ करोड १३ लाख ६५ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ। बजेट

पास गर्नुअघि गाउँसभामा नीति तथा कार्यक्रममाथि छलफल गरी पारित गरिएको थियो । त्यसपछि वडाध्यक्षहरुले आ-आफ्नो




वडामा विनियोजित बजेट माथि संशोधनसहित सुझाव राखेका थिए । गाउँपालिकाको बजेट कृषिमा आधारित हुनुका साथै भूमि बैंकको व्यवस्था गर्ने लक्ष्य राखिएको छ । उत्पादनमा केन्द्रित बजेटले युवालाई स्वरोजगार बनाउन मद्दत पुग्ने बताइएको छ भने एक वडा एक उत्पादनलाई बजेटले प्राथमिकता दिएको गाउँपालिका अध्यक्ष मेनुका काफ्लेको भनाई छ । त्यसैगरी प्राविधिक शिक्षा अध्ययन गर्न चाहनेलाई छात्रवृत्ति, विपन्न परिवारलाई स्वास्थ्य बीमा, विपन्न गाई पाल्ने कृषकलाई कोरली बाछी, आलु ब्लक क्षेत्रलई विस्तार, बंगुरको पकेट क्षेत्र विस्तार, माछाका भुरा वितरण, बाली शिविर सञ्चालन जस्ता कार्यक्रमलाई नीति, कार्यक्रम तथा बजेटमा समेटिएको छ । गाउँपालिकाका उपाध्यक्ष तथा न्यायिक समिति संयोजक बेनुप्रसाद शिवाकोटीले आर्थिक वर्षभित्र न्यायिक समितिमा परेका उजुरी र उजुरी माथि गरिएको छानबिन र फैसलाको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।

गाउँसभाका प्रमुख अतिथि प्रदेश नं. १ का आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हिक्मत कार्कीलाई मायाको चिनो प्रदान गर्दै गाउँपालिका अध्यक्ष मेनुका काफ्ले साथमा प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठ ।



# सहायतता सामग्री प्रदान



झापाको कमल गाउँपालिकाभित्र रहेका अपाङ्गता भएका नागरिकहरुलाई सहायक सामग्री बितरण गरिएको छ । कमल गाउँपालिकाको आर्थिक सहयोगमा कमल अपाङ्गता समितिको आयोजना र समन्वयमा कमल गाउँपालिकामा बसोबास गर्ने अपाङ्गता भएका नागरिकहरुलाई दैनिक जीवन निर्वाहका लागि अनिवार्य सहायक सामग्रीहरू एक कार्यक्रमको आयोजना गरी बितरण गरिएको हो ।

जसमा उनिहरुलाई ६ थान ह्वीलचियर, ३ थान बिशेष ह्वीलचियर, हेयररिङ्गेट, ह्वाइट क्यान, बैशाकी, एल्बोकर्चेज लगायतका सामाग्रीहरू हस्तान्तरण गरिएको कमल अपाङ्गता समितिका अध्यक्ष मृगेन्द्रकुमार कार्कीले जानकारी दिनुभयो । कार्यक्रम गाउँपालिका अध्यक्ष मेनुका काफ्लेको प्रमुख आतिथ्यता, कमल अपाङ्गता समितिका अध्यक्ष मृगेन्द्रकुमार कार्कीको अध्यक्षतामा भएको थियो । राष्ट्रिय अपाङ्ग महासंघ नेपाल प्रदेश नं. १ अध्यक्ष पार्वता श्रेष्ठ, कमल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, महिला तथा बालबालिका शाखा प्रमुख, वडा नं. २ र ४ का वडाअध्यक्ष लगायतको उपस्थिति रहेको थियो ।

# खानेपानी विस्तार हुँदै




कमल गाउँपालिका वडा नं. १ र २ लाई लक्षित गरि शुद्ध खानेपानी वितरणका लागि नयाँ परियोजना शुरु भएको छ । प्रदेश नम्वर १ सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मतकुमार कार्कीले शिलन्यास गर्नु भएको हो । सो क्रममा उहाँले जनतालाई स्वछ पानी उपलब्ध गराउनु सरकारको दायित्व भएकोले अहिले धमाधम खानेपानीका योजना सञ्चालन भइरहेको बताउनु भयो । गाउँपालिकामा अन्य वडामा खानेपानीको व्यवस्था भएपनि वडा नम्वर १ र २ मा खानेपनीको समस्या थियो त्यो समस्या अव चाडै समाधान हुने अपेक्षा गरिएको छ । वडाबासीहरुको माग र आवश्यकतालाई सम्वोधन गर्दै नयाँ परियोजना शुरु गरिएको कमल गाउँपालिकाका अध्यक्ष मेनुका कफ्लेले बताउनु भयो ।

४ लाख ५० हजार लिटर क्षमताको ओभरहेड ट्याङ्की निर्माणकालागी ९ करोड ८४ लाख ११ हजार २ सय ४० रुपैयामा ठेक्का संझौता भएको हो । आयोजनाको निर्माण २८ महिनाभित्र सम्पन्न हुनेछ । सो आयोजनाबाट गाउँपालिकाको वडा नम्वर १ र २ का २ हजार १ सय परिवारले शुद्ध पानी पाउने कमल गाउँपालिका उपाध्यक्ष बेनुप्रसाद सिवाकोटीले जानकारी दिनुभयो । कार्यक्रमको सहजीकरण कमल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठले गर्नु भएको थियो ।

# खानेपानी विस्तारमा जोड

कमल गाउँपालिकाले गाउँपालिकाभित्र हरेक घर घरमा स्वच्छ पिउने पानी पुऱ्याउन आफ्नो नीति कार्यक्रम तथा बजेट मार्फत जोड दिएको छ। यसै क्रममा लखनपुर खानेपानी तथा उपभोक्ता समितिलाई सेवा विस्तारकालागि कमल गाउँपालिकाले १ करोड ४ लाख भन्दा बढी रकम उपलब्ध गराएको छ। खानेपनी सस्थाको पाईपलाईन विस्तरमा ९८ लाख ४५ हजार र कार्यालय व्यवस्थापनकालागि ६ लाख गरी जम्मा १ करोड ४ लाख ४५ हजार रुपैयाँ कमल गाउँपालिकाले उपलब्ध गराएको हो। यस्तै समितिले उपभोक्तालाई दुई महिनाको खानेपानी महशुलमा आधा रकम छुट दिएको छ। नोवल कोरोना भाइरस (कोभिड-१९) को रोकथाम र नियन्त्रणका लागी सरकारले गरेको लकडाउनमा उपभोक्तालाई आर्थिक समस्या भएको महसुस गरी २०७६ साल चैत र २०७७ वैशाख महिनाको पानीको न्यूनतम महशुलमा ५० प्रतिशत छुट गर्ने निर्णय गरेको समिति अध्यक्ष तथा खानेपानी सरसफाई उपभोक्ता महासंघ झापाकी उपाध्यक्ष उषा भण्डारीले जानकारी दिनुभयो। लखनपुर खानेपानी संस्थामा हाल २ हजार एकसय सदस्य रहेका छन्।



कमल ६ दहिचोक पुर्ब गेउरिया खोला मा पुल निर्माण कार्य सम्पन्न भएपछि अनुगमन गर्दै वडाध्यक्ष नरेन्द्र भट्टराई लगायत।

# विपद व्यवस्थापनको पूर्वतयारी




हरेक वर्षको वर्षायाममा आउने बाढी तथा डुवानबाट हुने सक्ने क्षती न्युनीकरणका लागि यस वर्ष कमल गाउँपालिकाले बेलै देखि पूर्वतयारी गरेको छ । कमल गाउँपालिकामा विपद व्यवस्थापन समितिको पूर्वतयारी समितिको बैठक बसेर पूर्वतयारीको काम गरिएको हो । बैठकमा बाढीबाट हुन सक्ने क्षतिलाई न्युनिकरण गर्न र बाढीबाट विस्थापित भएका स्थानीयलाई तुरुन्त उद्धार गरी सुरक्षित स्थानमा राख्ने विषयमा कसरी पूर्वतयारी गर्न सकिन्छ भन्ने विषयमा छलफल भएको थियो । बैठकमा वाढीबाट क्षति हुनसक्ने सम्भावित क्षेत्रको पहिचान गर्ने, आवश्यक औषधी, खाद्यान्न सामग्री उद्धार सामग्रीको व्यवस्था गर्ने लगायतका सामग्रीको व्यवस्था गर्ने, जनतालाई सुसुचित गर्ने, सूचना केन्द्र स्थापना गर्ने जस्ता निर्णय भएको कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले बताउनु भयो ।

गाउँपालिकामा बाढीबाट क्षतिहुने सम्भावित क्षेत्र अन्तरगत पूर्वमा कमल खोलाले सानोकेर्खा, बोहोराटोल, सुनारा सरङ्गपाडा र पश्चिममा रतुवा खोलाले सिम्ले, खयरवारी, झर्का लगायतका गाउँ बस्तीलाई धेरै क्षती गर्ने भएकोले त्यस ठाउँका जनतालाई सुरक्षित रहन सूचना गर्ने निर्णय भएको अध्यक्ष काफ्लेले जानकारी दिनुभयो । वाढीबाट विस्थापित भएका जनतालाई तत्काल उद्धार गरेर वडा नम्वर १ मा नरेन्द्र जनता मावि र नवदुर्गे प्रावि, वडा नम्वर २ मा कमला मदन आश्रित स्मृति मावि, वडा नम्वर ३ मा कन्चजङ्गा आवि, वडा नम्वर ५ मा गुह्येश्वरी आवि र मंगलमय मावि, वडा नम्वर ६ मा वाणी मावि र सामुदायिक भवन तथा वडा नम्वर ७ मा पिँङडाडा आधारभूत विद्यालय र अरनीको आधारभूत विद्यालयमा आश्रय स्थल बनाएर राख्ने निर्णय भएको थियो ।

# आलु उत्पादनमा व्यवसायिक प्रयास



पछिल्लो समय आलु खेतीबाट झापाको कमल गाउँपलिकाका कृषकले राम्रो आम्दानी लिन थालेका छन् । आलु उत्पादनका लागि गाउँपालिकाले प्राविधिक सेवा, मलखादमा अनुदान दिएका कारणले आलु खेतीतर्फ कृषकको आकर्षण बढेको हो । कमल गाउँपालिकाका वडा नम्वर १, २ र ४ का १ सय १९ जना कृषकले ६६ विगाहाभन्दा बढी जमिनमा आलु खेती गरेर गुणस्तरीय उत्पादन अनि उचित बजारभाउ पाएपछि अन्य किसान परिवार पनि यसतर्फ आकर्षित भएका हुन् । ती कृषकले लगाएको आलु बारीबाट प्रतिकठ्ठा १० मनभन्दा बढी उत्पादन भएको र सो आलु अहिले बिक्री गरिरहेको कृषक याम सुब्बाले जानकारी दिनुभयो । पछिल्लो समय आलुको बजार राम्रो छ । 'हामीले उत्पादन गरेका सबै आलु उचित मूल्यमा

व्यापारीले किनिदिएका छन् कृषक सुब्बाले भन्नु भयो-'सहजै बजार पाउनुमा राम्रो गुणस्तरको आलु उत्पादन भएको र धेरै परिमाणमा उत्पादन हुनुले पनि बजार पाउन सहज भएको हो ।' कृषकले आलु उत्पादनमा मल बिउ र विषादीमा राज्यबाट ५० प्रतिशत अनुदान पाएका थिए । उत्पादित आलु २५ रुपैयाँ प्रति केजीका दरले दमक, बिर्तामोड र बेलबारी लगायतका बजारमा बिक्री भइरहेको छ । उत्पादनले बजार पाएका कारण आलु उत्पादनमा कृषकको आकर्षण बढेको प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तरगत आलु पकेट कार्यक्रमका सहसंयोजक टंक कट्टेलको भनाई छ । कमल गाउँपालिकालाई आलुको ब्लकमा स्तरोन्नति गर्दै कमल गाउँपालिलाई आलुमा आत्मनिर्भर बनाउने तर्फ गाउँपालिका लागेको गाउँपलिका कृषि विकास शाखाका प्रमुख महेन्द्र बोहोरको भनाई छ । उहाँका अनुसार कृषकलाई आलु उत्पादनमा गाउँपालिकाबाट प्राविधिक सेवाका साथै जैविक मल उत्पादन, रोगको उपचार लगायतका विषयमा आवश्यक सहयोग गरेको थियो ।

## कमल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

प.स.
च.न.

तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

## हार्दिक समवेदना


स्व. मोहन अघोरी

यस गाउँपालिका कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत इमान्दार एवं कर्तव्यनिष्ठ कर्मचारी मोहन अघोरीको मिति २०७७/०१/२३ गते मंगलवारका दिन असामयिक निधनले सिंगो गाउँपालिका परिवार अत्यन्त स्तब्ध र मर्माहत भएको छ । शोकको यस घडिमा गाउँपालिका परिवार दिवङ्गत आत्माको चीर शान्तिको कामना सहित शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

वेनु सिवाकोटी
उपाध्यक्ष

मेनुका काफ्ले
अध्यक्ष

**एवम् समस्त कमल गाउँपालिका परिवार, कमल झापा ।**

# अग्नीपिडीतलाई सहयोग



कमल गाउँपालिकाले अग्निपीडितलाई राहत वितरण गरेको छ । गत फागुन २१ गतेका दिन कमल गाउँपालिका वडा नम्बर ५ मंगलवारे बजारमा भएको आगलागीबाट पीडित बनेका परिवारलाई राहतस्वरुप नगद र जस्तापाता हस्तान्तरण गरिएको कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले बताउनु भयो ।

आगलागीबाट पीडित बनेका घरधनी शेरबहादुर लिम्बुलाई नगद ५० हजार रुपैयाँका साथै ३ बण्डल टीन प्रदान गरिएको छ । त्यस्तै सोही घरमा भाडामा बस्ने पार्वता राजवंशीलाई नगद १५ हजार, रुकमणी ताजपुरियालाई नगद १५ हजार र चुड्कीमर्डी सतारलाई नगद १० हजार रुपैयाका दरले गाउँपालिकाका अध्यक्ष मेनुका काफ्ले र उपाध्यक्ष बेनु सिवाकोटीले प्रदान गर्नु भएको हो । राहत वितरण कार्यक्रममा वडा नम्वर १ का वडा अध्यक्ष केदार कटुवाल, वडा नम्वर ५ का वडा अध्यक्ष डम्बरवहादुर निरौला, वडा नम्वर ६ का वडा अध्यक्ष नगेन्द्र भट्टराई, वडा नम्वर ७ का वडा अध्यक्ष पृथ्वीपति राई, प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठ नेपाल रेडक्रस सोसाईटी लखनपुर उपशाखाका अध्यक्ष चन्द्र शाह लगायतको उपस्थिती रहेको थियो ।

# धार्मिक तथा पर्यटकीय स्थलको प्रवर्द्धनमा स्थानीयको सक्रियता



वडा नं. ३ स्थित
श्री किरातेश्वर शिवपाञ्चायन मन्दिर

झापाको कमल गाउँपालिका ३ स्थित प्राचिन वाल्मिकी आश्रम तथा सिमसारक्षेत्रसँगै रहेको श्री किरातेश्वर शिवपाञ्चायन मन्दिरलाई धार्मिक तथा पर्यटकीय स्थलका रुपमा विकास गर्न स्थानीय जुटेका छन् । यो क्षेत्र प्राचिन वाल्मिकी आश्रम तथा सिमसार क्षेत्रसँगै रहेकोले पनि यसको धेरै महत्व रहेको छ । यसलाई संरक्षण र प्रवर्द्धन गर्न नजिकै रहेको नेपाली सेनाको २१ नं वाहिनी अड्डा र दलका प्रतिनिधी सबै सँगको सहकार्यमा अगाडि बढ्ने योजना रहेको श्री किरातेश्वर शिवपाञ्चायन मन्दिर व्यवस्थापन समितिका अध्यक्ष कुमार खतिवडाले बताउनुभयो । यसक्षेत्रलाई चुलाचुली गाउँपालिकाको प्रवेद्वारको रुपमा लिने गरिन्छ । यी गन्तव्यहरुको विकास र प्रवर्द्धनकालागि आवश्यक सहयोग गर्न स्थानीय सरकार तयार रहेको चुलाचुली गाउँपालिका वडा न १ का वडा अध्यक्ष पूर्ण लावतीले बताउनुभयो । यी स्थानको सरसफाईमा नेपाली सेना तयार भएको नं २१ वाहिनी अड्डाका वाहिनीपति डाक्टर आशबहादुर तामाङ्गले बताउनु भएको छ ।



वडा नं. १ स्थित कमल पोखरी



वडा नं. ३ स्थित प्राचीन बाल्मिकी आश्रम तथा सिमसार क्षेत्र

यी क्षेत्र पूर्व पश्चिम राजमार्गसँगै रहेकोले  यहाँ आउन यातायातको राम्रो सुविधा छ । यसलाई संरक्षण र प्रवर्धन गर्न  स्थानीयवासी, जनप्रतिनिधी  विभिन्न संघसस्थाका प्रतिनिधी जुटेको कमल गाउँपालिका वडा नम्वर ३ का वडा सदस्य चक्र गुरुङ्गले  बताउनुभयो ।



**वडा नं. ३ मा भेटिएको प्राचीन कुवा**

वडा नं. ५ स्थित साधु होली

# ल्यापटप वितरण



त्यसैगरी २०७५ सालको एसईई परीक्षामा उत्कृष्ठ जीपीए ल्याउने विद्यार्थीलाई ल्यापटपसमेत वितरण गरिएको थियो । यसरी उत्कृष्ठ जीपीए ल्याएर पुरस्कृत हुने विद्यार्थीहरुमा सामुदायिक विद्यालयतर्फ मंगलमय माध्यमिक विद्यालय कमल ५ का छात्र योगेश अधिकारी र छात्रा प्रिया चौहानलाई एक एक थान ल्यापटपद्वारा पुरस्कृत गरिएको थियो । संस्थागत विद्यालयतर्फ सर्वो उत्कृष्ठ जीपीए ल्याउने छात्र वा छात्रा १ जनालाई पुरस्कृत गर्ने नीति भएपनि तीनजना विद्यार्थी जस अन्तरगत हिमाली माध्यमिक विद्यालय कमल ६ का रमेश सोरेन, नवोदय माध्यमिक विद्यालय कमल २ का कृति अधिकारी र ईभरग्रिन माध्यमिक विद्यालय कमल ६ का प्रशान्त खतिवडा तीनै जनाको उत्कृष्ठ जीपीए बराबर भएकोले नगद २० हजार रुपैयाँका दरले पुरस्कृत गरिएको गाउँपालिकाले जनाएको छ । कार्यक्रम महिला तथा वालवालिका शाखा प्रमुख रेनुका गौतमले सञ्चालन गर्नु भएको थियो ।

**सार्वजनिक स्थलहरूमा कानुनले वर्जित गरेका धुम्रपान, मद्यपान जस्ता कृयाकलाप नगरौं नगराऔं ।**

# ७७ जनालाई रोजगारी



झापाको कमल गाउँपालिकामा प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा आर्थिक वर्ष २०७६/०७७ मा ७७ जनाले रोजगारी पाएका छन् । कमल गाउँपालिकामा महिला ४३ जना र पुरुष ३४ जना गरि जम्मा ७७ जनाल रोजगार पाएको गाउँपालिकाले जनाएको छ । कार्यक्रम सम्पन्न भएपछि स्वरोजगार कार्यक्रममा आवद्ध कामदारलाई बैकका कर्मचारीले कामदार भएकै स्थानमा आएर ज्याला वापतको रकम भुक्तानि गरेका थिए । कामदारलाई आफुले गरेको श्रमको पारश्रमिक बैंक मार्फत भुक्तानी दिन सजिलो हुने भएकोले बैकका कर्मचारी फिल्डमा पुगेर बैंक खाता खोलेका थिए ।

गाउँपालिकामा स्वरोजगार कार्यक्रम अन्तरगत ३ ओटा वडामा आयोजना सन्चालन भएका थिए । जस अन्तरगत वडा नम्वर २ मा गाउँपालिकाको कम्पाउण्ड वाल, वाड नम्वर २ र ५ मा खानेपानीको पाईप लाईन विस्तार गरिएको थियो । त्यस्ता आयोजनामा कामगर्ने कामदारलाई काम गरेकै स्थानमा बैकका कर्मचारी आएर उनीहरुको पारश्रमकि बापतको रकम भुक्तानी गरेको कमल गाउँपालिका रोजगार संयोजक भरतचन्द्र तिवारीले जानकारी दिनुभयो ।

# प्रदेशकै नमूना पर्यटकीय स्थल बन्नेमा हामी विश्वस्त छौं ।



**केदार कटुवाल**
**अध्यक्ष, वडा नं. १**

कमल गाउँपालिकाको वडा नं. १ गाउँपालिकाकै विकट वडा हो । तर यहाँ सिंगो गाउँपालिकाले खुशी मान्नुपर्ने योजनाको रुपमा बाँसबारी कमल पोखरी सिमसारको योजना अघि बढिरहेको छ । ३ विगाहा ५ कट्ठा क्षेत्रफलमा ४० वर्ष अघि निर्माण गरिएको पोखरी क्रमशः अव्यवस्थित हुन पुगेको थियो । तर हामी निर्वाचित भएर आएपछि यसको संरक्षणमा जुटेका छौं । यसको दिर्घकालिन विकासका लागि ६४ करोडको डीपीआर बनेको छ । यहाँ वोटीङ्, भ्युटावर लगायतको परिकल्पना गरिएको छ । यस्तै यही पोखरीको डिलमा साईन्स सीटीको अवधारणा पनि अघि बढाईएको छ । यहाँ चिल्ड्रेन पार्क तथा अध्ययन केन्द्र बन्ने छ भने यो हाम्रो गाउँपालिकाको मात्र होईन कि, यो प्रदेशकै नमूना पर्यटकीय स्थल बन्नेमा हामी विश्वस्त छौं । यो सिमसार क्षेत्र सरकारको एकसय पर्यटकीय गन्तव्यको रुपमा पनि सुचिकृत भएको स्थान पनि हो । यहाँ १ करोड १० लाखमा कम्पाउण्ड र सेमिनार हल बनाईएको छ भने यसमा प्रदेश सरकारको पनि सहयोग प्राप्त भएको छ । सामुदायिक भवन निर्माणको प्रक्रिया चलिरहेको छ । यहाँ सन्थाल जातिको होमष्टे सञ्चालन गर्ने योजना छ ।

यसैगरि यस वडामा विभिन्न बाटोको स्तरीकरणका लागि काम भएको छ । बाटोमानै असाध्यै धेरै काम गर्नुपर्ने अवस्था छ भने यसै वडामा एक ट्रसब्रीज निर्माण भएको छ । यसले स्थानीयलाई धेरै सजिलो भएको छ । यि बाहेक हामीले गाउँपालिका तथा वडा मार्फत विभिन्न ह्युमपाईप कलभर्ट, बक्स कलभर्ट बनाएका छौ । स्थानीय विकास निमार्णका कार्यलाई हामिले प्राथमिकतामा राखेर काम गरिरहेका छौं ।

# पूर्वाधारमा धेरै काम गरेका छौं ।



**तारानाथ न्यौपाने**
**अध्यक्ष, वडा नं. २**

यस वडामा प्रधानमन्त्री रोजगार कार्यक्रम चलिरहेको छ । तटबन्धनको काम पनि भएको छ । पूर्वाधारमा धेरै काम गर्नु परेको छ । त्यसमा पनि सडकतर्फ ध्यान दिएका छौ । वडाबासीहरुको सहयोगकै कारण यी कामहरु भएका हुन् । उहाँहरुको जागरुकताले नै काम गर्न हामीलाई साथ सहयोग भएको हो । यस्तै केर्खा-क्याम्पा, सरङपाडा-बैगुनधुरा सडक अलिक ढिलो भयो भनेर गुनासो पनि आईरहेको छ । तर यसमा हाल तिव्रताका साथ काम भईरहेको छ । आशा गरौं, यो काम चाँडै पूरा हुनेछ । यस्तै क्याम्पा चोकदेखि समयगढ गौरादह हुँदै हाँसखोरा ठेकीटोला सडक पनि प्रदेश सरकारमार्फत अघि बढ्ने योजना छ । यो सडक निर्माण भएपछि यहाँको ठूलो भूगोलका बासिन्दाले फाईदा लिन सक्नेछन् । हामी हाम्रो श्रोत साधनले भ्याएसम्म वडाको विकासमा जुटेका छौं भने प्रदेश सरकार र संघीय सरकार मार्फत पनि विभिन्न योजनाहरु अघि बढेकाले यहाँको विकासले गति पाएको महसुस गरेका छौं ।


प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत निर्माण कार्य हुँदै

# बधस्थल र विक्रि स्थल अलग अलग बनाउने तयारी



**नरप्रसाद दंगाल**
**अध्यक्ष, वडा नं. ३**

हामी निर्वाचित भएर आए पश्चात आफ्नै श्रोत साधनले ठुला ठुला योजना सञ्चालन गर्न नसकिएको भए पनि सकेसम्म योजनाहरु अघि सारेका छौं । विभिन्न पूर्वाधार निर्माणमा हामीले जोड दिनु पर्ने अवस्था छ । कलभर्ट, बाटो जस्ता पूर्वाधारका धेरै काम पनि भएका छन् । यस्तै  बजारमा नाला तथा ड्रेन बनाउने काम भयो । केर्खा बजारमा मासु विक्रि स्थल बनाउनु पर्छ भन्ने आवश्यकता महसुस गरि प्रदेशको ५० लाख र गाउँपालिकाको १८ लाख मार्फत काम भएको छ । यसको मूलभूत काम पूरा भएको छ केहि माटो समस्याउने लगायतका काम हुँदैछन् । बधस्थल र विक्रि स्थल अलग अलग बनाउने काम पनि गरिदैछ । वृहत पशुबधशाला निर्माणका लागि २/४ करोडको लगानी आवश्यकता भए पनि अहिले आधारभूत रुपमा काम गरिदैछ । यहाँ खसी, कुखुरा, भैसी तथा सुँगुर अलग अलग बिक्रि गर्ने व्यावस्था गरिएको छ । यसैगरि यस वडाको केर्खा बजार पश्चिम ब्लक टाईल विछ्याईयो । त्योसँगै उत्तर दक्षिण पनि आगामी वर्ष गर्ने योजना छ । बजार पूर्व पनि २ सडकमा ब्लक टाईल विछ्याईयो । यि काममा प्रदेश मार्फत पनि सहयोग प्राप्त भएको छ ।

यस्तै गोसलाईन जाने सडक पिच गरियो भने केर्खा बजार पूर्वबाट दक्षिण जाने सडक पनि ड्रेन र स्तरोन्नती पछि पिच गरिएको छ । यस्तै बैकल्पिक सडकको रुपमा विकास गर्ने गरि बोहोरा टोल हुँदै बगाने टोल-क्याम्पा जोड्ने सडकमा ११ सय मिटर कालोपत्रे गरिएको छ । तराई मधेश समृद्धी कार्यक्रम अन्तर्गत काम भएको हो । यस्तै केर्खा बजार उत्तरमा कलभर्ट निर्माण गरियो । यसले चुलाचुलीसँग जोड्न र आउ-जाउमा सहयोग पुऱ्याएको छ । यसरी हामी श्रोत साधनले भ्याएसम्म प्राथमिकता निर्धारण गरि विकास निर्माणको काममा जुटेका छौं ।

# लकडाउनका कारण निर्माण कार्यमा कठिनाई



**प्रेमबहादुर राई**
**अध्यक्ष, वडा नं. ४**

आर्थिकवर्ष २०७६/७७ मा यस वडामा १ करोड १ लाखको बजेट सिलिङ् थियो । सोही मार्फत हामीले विभिन्न योजनाहरु सञ्चालन गरेका छौं । चुलाचुली सडक कालोपत्रे गर्ने ४४ लाख छुट्याएका थियौं तर यो योजनामा संघीय सरकार मार्फत काम हुने भएपछि सो रकम हामीले अन्यत्र खर्च गरेका छौं । जस मध्ये ३२ लाख ५० हजार रुपैयाँ विभिन्न सडक स्तरोन्नतीमा लगाईयो । यसै गरि यस वडाका विभिन्न सडक ग्राभेल गर्नुपर्ने अवस्था पनि थियो । त्यसैले ग्राभेलका लागि १० लाख खर्च गरियो । लकडाउनका कारण केहि कार्य सम्पन्न गर्न कठिनाई भयो । केहि कलभर्ट पनि निर्माण गरियो । केहि धार्मिक क्षेत्रमा पनि काम गर्नु पर्ने छ । यसै गरि केहि अरु काम पनि गर्न बाँकि छ । ति योजनाहरुलाई हामीले २०७७/०७८ मा प्राथमिकता दिने योजना बनाएका छौं ।

# विकासका योजनाबारे छलफल

कमल गाउँपालिकाभित्र सञ्चालन गर्न आवश्यक विभिन्न विकास योजनाका बारेमा गाउँपालिकाले सर्वपक्षीय छलफल गरेको छ । गत फागुन ४ गते प्रधानमन्त्री केपी शर्मा ओलीको आफ्नो निर्वाचन क्षेत्रमा आउने कार्यक्रम भएको र त्यस क्रममा गाउँपालिकाको तर्फबाट पेश गरिने एजेण्डामाथि कमल गाउँपालिकाले सर्वपक्षीय भेलाबाट निर्णय गरेको हो । गाउँपालिकामा रहेका राजनीतिक दलका प्रमुखसँग भएको छलफलमा रतुवा, कमल, केर्खा, ढ्याग्री, गेउरीया, भुत्लुङ्गर र किस्ने खोलामा दिर्घकालिन तटबन्धन, मंगलवारे क्याम्पा शिवगंज सडक कालोपत्रे, अन्तराष्ट्रिय रङ्गशाला, आदिवासी संग्राहलय, धार्मिक वन, रतुवामाई वृक्षरोपणलाई कृषि वन बनाउनुपर्ने, सुकुमवासी समस्या समाधान, गाउँपालिकामा रहेको सार्वजनिक जग्गाको संरक्षण गर्नुपर्ने लगायतका विषयमाथि छलफल भएको कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले बताउनुभयो । प्रधानमन्त्री समक्ष पेश गरिने एजेण्डामाथि भएको छफफलमा नेकपाका अध्यक्ष भिमप्रसाद राई, नेपाली काग्रेस कमल गाउँसमितिका सभापती खगेन भण्डारी, महासमिति सदस्य राजन ढुङ्गाना, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च तथा संघीय लिम्बुवान मञ्चका केन्द्रीय सूर्यप्रसाद लिम्बू, जनमुक्ति पार्टीका अध्यक्ष मनबहादुर थापा, राष्ट्रिय प्रजातन्त्र पार्टीका कमल गाउँ समिति सहअध्यक्ष त्रिलोचन आचार्य लगायतको उपस्थिती रहेको थियो ।

# कोरोनामहामारीकाविचमा पनि तिव्ररूपमा काम भयो ।



**डम्बरबहादुर निरौला**
**अध्यक्ष, वडा नं. ५**

यस वडामा हामीले आर्थिकवर्ष २०७६/०७७ मा वडा कार्यालय निर्माण शुरु गरेका छौं। यो जमिन प्राप्तिका लागि धेरै प्रयास गरियो। सन्तोष कार्कीको परिवारले जमिन प्रदान गरे पछि अर्जुन राईको विकास कोषमार्फत उपभोक्ता समिति मार्फत काम तिव्र रुपमा भई रहेको छ। यस्तै पाडाजुंगी चोक दक्षिणी क्षेत्रबाट प्रवेश गर्ने प्रवेश विन्दू पनि भएकाले यसलाई आकर्षक बनाउने योजना अनुसार यहाँ कमलको फूल सहितको स्तम्भ पनि निर्माण गरिएको छ। यस वडामा विकास निर्माणका काम धेरै भएका छन्। यहाँ कोरोना महामारीका विचमा पनि तिव्ररुपमा काम भयो। प्रदेश सरकारको सहयोगमा सिम्लेमा २० लाखको तटबन्धनको काम गरिएको छ। साधुहोलीलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गराउने क्रममा विभिन्न काम भइरहेको छ।

मुख्यमन्त्री सडक पूर्वाधार कार्यक्रम मार्फत अधुरो पुल निर्माण हुँदैछ। अव सवै योजनाहरुको बारेमा उल्लेख गर्ने हो भने, सुची लामो हुन सक्छ। तर हामीले जहाँ जुन योजनाको आवश्यकता छ र श्रोत साधनले भ्याउँछ ति स्थानहरुमा योजना निर्माण प्रकृयालाई प्राथमिकतामा राखेका काम गरेका छौं।

वडाबासीबाटै आवश्यकता महसुस गरिएका योजनाहरुमा हामीले जोड दिने गरेका छौं। साथै नयाँ आर्थिक वर्षका लागि योजना र कार्यक्रम निदृष्ट गरि वडा समिति क्रियाशिल रहेको छ।

# वडावासीले महसुस गर्ने गरी काम भएका छन्



**नरेन्द्र भट्टराई**
**अध्यक्ष, वडा नं. ६**

आर्थिकवर्ष २०७६/७७ मा वडा नं. ६ मा विशेष गरेर बाटो, कलभर्ट लगायतका काम भए। सोहि अन्तर्गत प्रधानमन्त्री केपी शर्मा ओलीको क्षेत्र विकास कोष मार्फत ६९ लाख ३५ हजार रुपैयाँ बिनियोजन भई दहिचोक पूर्व जीवनचोक जाने सडकमा पर्ने गेउरीया खोलामा पुल निर्माण गरिएको छ। यस्तै विभिन्न स्थानमा बक्स कलभर्ट निर्माण भएका छन्। रत्नपुर टोलमा ६ लाखको बक्स कलभर्ट बनाईयो भने काँटा चोक दक्षिण पनि ६ लाखको बक्स कलभर्ट निर्माण गरिएको छ। यस्तै वाणी माविमा जिल्ला समन्वय समिति मार्फत रकम थप गरि भवन बनाईयो तर अझै पनि भवन अभाव भएकाले सो पूर्तीका लागि ३० लाख रुपैयाँ प्रदेश सरकार मार्फत प्राप्त भई भवनका लागि प्रकृया अघि बढेको छ। यस वडामा उच्च स्तरीय ग्राभेलको काम पनि भएको छ। जीवन चोकदेखि शान्तिपुर सडक १० लाख रुपैयाँको लागतमा उच्चस्तरीय ग्राभेल भएको छ। सहिद मार्गको खयरबारी खण्डमा पनि स्तरीय काम भयो भने सामुदायिक भवन निर्माणको काम पनि भएको छ। यि बाहेक सामाजिक विकास अन्तर्गत पनि वडामा विभिन्न कार्यक्रमहरु सम्पन्न गरिएको छ। समग्रमा वडावासीले महसुस गर्ने गरी काम भएका छन् भन्ने लागेको छ।

सफा र समृद्ध सहर, हामी सबैको रहर



# विकासका क्षेत्रमा लागि परिरहेका छौं ।




**पृथ्वीपति राई**
**अध्यक्ष, वडा नं. ७**

आर्थिक वर्ष २०७६/७७ मा वडा स्तरमा गर्नुपर्ने कामहरु मध्ये विभिन्न कलभर्टहरु निर्माण लगायतका काम गरेका छौं । यस वडाको चान्दुहोली सिमसार जहाँ सिमसार पनि छ । यस स्थानमा गत वर्षदेखिनै कलभर्ट अधुरो थियो, त्यहाँ निर्माण कार्य गरियो । यसैगरि पिङ्डाँडा स्कुल दक्षिण पनि कलभर्ट निर्माण गरियो । उच्चस्तरीय ग्राभेलको काम पनि धेरै भएका छन् । गौरादह १ को बेलडाँगीदेखि सैनिक चोक आउने, मदनडाँडा देखि विष्णुकट्टा जोड्न, रंगपुर पश्चिम सरस्वती मावि आउने सडक तथा लालधन्द्रा चोकदेखि गेउरीया जाने सडकलाई उच्च स्तरीय बनाईएको छ ।

यसैगरि यस वडामा सुरक्षित आवाश निर्माणकालागि ९२ परिवार सिफारिस भएका थिए । जसमध्ये २० परिवारले घर निर्माण पूरा भएपछि पाउने दोश्रो किस्ता पनि पाईसक्नु भयो । यस्तै १० परिवारलाई जनता आवाशको योजना परेको थियो । संघबाट आउनुपर्ने रकम अलिक ढिला भएकाले ढिलो भए पनि काम गरियो । यस वडामा कालोपत्रे सडकको योजना पनि अघि बढेको छ । वडा नं.६ को भट्टराईचोकदेखि पिङ्डाडा, सृजनाचोक नौसिटे हुँदै वडा कार्यालयसम्म आउने सडकका लागि ठेक्का लागिसकेको

छ । गोहावारीदेखि रंगपुर आउने सडक पनि संघको बजेटमा अघि बढेको छ भने रंगपुर-बाह्रघरे निर्माणको प्रकृया पनि अघि बढ्दैछ । वडा कार्यालय पश्चिम सरस्वती मावि छेउमा गतवर्ष हामीले प्रधानमन्त्री केपी शर्मा ओलीको क्षेत्रविकास कोषको ५० लाखबाट कलभर्ट बनायौं । त्यस स्थानमा बाढीको पानीले धाधा लागेपछि ढुंगा जालि गरियो । यस्तै चाँदु होली कटानमा पनि प्रदेशसभा सदस्य अर्जुन राईको पहलमा कटान नियन्त्रणको काम भएको छ । महत्वपूर्ण कुरा, यस वडाको वडा कार्यालय निर्माण पूरा भई सञ्चालनमा आएको छ भने वडा कार्यालय अघि आधारभूत स्वास्थ्य केन्द्रको भवन पनि बन्दैछ । यसरी हामी यस वडामा तिव्ररुपमा सामाजिक विकासका क्षेत्रमा लागि परिरहेका छौं ।

# विषादी प्रयोगमुक्त सप्ताह





झापाको कमल गाउँपालिमामा विषादी प्रयोगमुक्त सप्ताह २०७६ मनाईएको छ ।

कमल गाउँपालिकाको आयोजना र कमल गाउँपालिकास्तरीय मुल कृषक समुह परिवर्तन युवा समुहको व्यवस्थापन र कारितास नेपाल दमकको सहयोगमा ७ दिन सम्म विभिन्न कार्यक्रम गरि सप्ताह मनाईएको कमल गाउँपालिकाका कृषि शाखा प्रमुख प्रेम पोखरेलले जानकारी दिनुभयो । घातक विषादीको प्रयोग हटाऔँ , जैविक विविधताको संरक्षण गरौं, भन्ने नाराका साथ सो सप्ताह शुरु भएको थियो । किसानलाई विषादी प्रयोगमा दुरुत्साहन गदै अर्ग्यानिक कृषि प्रणालीमा प्रोत्साहन गर्न र विषादी प्रयोगमुक्त सप्ताहको आयोजना गरिएको हो । सप्ताहका क्रममा कृषि बिकास शाखाले रासायनिक मलको साटोमा प्राङ्गारिक मलको प्रयोगमा जोड दिएको छ ।

सप्ताह समापन कार्यक्रममा गाउँपालिकाबाट केर्खा बजार सम्म र्‍याली निकालिएको थियो । र्‍याली पछि आयोजित कोणसभामा गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले सकेसम्म बिषादी प्रयोग नगर्न आग्रह गर्नुभयो । कार्यक्रममा उपाध्यक्ष बेनुप्रशाद शिवाकोटी, प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठ लगायतको उपस्थिति थियो ।

# गाउँपालिका स्तरीय कराते प्रतियोगिता



कमल गाउँपालिका-६ मा प्रथम गाउँपालिका स्तरीय कराते तथा वडास्तरीय खेलकुद प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगिताको कमल गाउँपालिकाकी प्रमुख मेनुका काफ्ले र उपाध्यक्ष बेनुप्रशाद शिवाकोटीले खेल सामग्री प्रदान गर्दै उद्घाटन गर्नु भएको थियो ।
खेलकुद बिकास समिती वडा नम्बर ६ को आयोजनामा 'स्वास्थ्यका लागी खेलकुद, राष्ट्रका लागी खेलकुद'भन्ने नाराका साथ प्रतियोगिता आयोजना गरिएको हो । बिजेता खेलाडीलाई कमल गाउँपालिका अध्यक्ष काफ्लले पुरस्कार बितरण गर्नुभयो । प्रतियोगिताका बिजेता ३२ जना खेलाडीहरुलाई प्रमाणपत्रसहित मेडल प्रदान गरिएको थियो । प्रतियोगितामा गाउँपालिका उपाध्यक्ष बेनु शिवाकोटी, वडा नं. ६ का वडाध्यक्ष नरेन्द्र भट्टराई, ७ नम्बरका वडाध्यक्ष पृथ्वीपति राई, वडासदस्यहरु, जिल्ला खेलकुद संघका पदाधिकारी, खेल प्रशिक्षक, खेलाडीहरुको सहभागिता रहेको  थियो । स्थानीय बाणी माध्यमिक विद्यालयमा विभिन्न खेल प्रतियोगिता भएका हुन् । टोलका खेलाडीहरुबाट नै वडास्तरीय खेलाडीहरुको छनौटको उद्देश्यसहित कार्यक्रम गरिएको वडा खेलकुद बिकास समिति संयोजक दिपक खड्काले जानकारी दिनुभयो ।

# किसानलाई ब्रुडर प्रदान




कमल गाउँपालिका क्षेत्रभित्र व्यावसायिक रुपमा कुखुरापालन गर्दै आएका कृषकलाई एक कार्यक्रमकाबिच गाउँपालिकाले ब्रुडर वितरण गरेको छ ।

व्यावसायिक कुखुरा पालनमा सम्लग्न ५१ जना कृषकलाई जाडोको बेला चल्ला हुर्काउनकालागी प्रयोग गरिने ग्यास ब्रुडर गाउँपालिकाका उपाध्यक्ष बेनु सिवाकोटीले वितरण गर्नु भएको हो । कृषकले जाडो समयमा चल्ला हुर्काउनका लागी प्रयोग गरिने विभिन्न भुसे चुलोबाट चल्लामा राम्रो सँग ताप नपुग्ने र अर्कोतर्फ चुलोबाट निस्किएको धुवाँका कारण समेत चल्लामा विभिन्न प्रकारका स्वासप्रश्वास सम्बन्धि रोग लाग्ने समस्या थियो । ब्रुडर पाएपछि त्यस्ता समस्याबाट कृषक मुक्तहुने पशुसेवा शाखाका प्रमुख बद्री भट्टराईले बताउनुभयो ।

**छोरा/छोरी बराबरी, स्कुल पठाऔं सरासरी**

# महिला दिवशमा सम्मान र पुरस्कार



प्रत्येक बर्ष मार्च आठ तारिखका दिन मनाइने अन्तर्राष्ट्रिय नारी दिवस कुनै खुशीयालीको उत्सव नभएर उत्पिडित महिलाहरुको लैङ्गिक बिभेद बिरुद्धको आवाजसहितको संघर्ष हो । महिला सशक्तिकरणको अभियानलाई बिश्वब्यापी रुपमा बुलन्ध पारिदै, महान संकल्प र अठोटको साथ निरन्तर जारि राखिने अनन्तकालिन महायात्रा हो, नारी दिवस । बिगत बर्षहरु जस्तै संसारभरिका महिलाहरुले यो बर्ष पनि अन्तराष्ट्रिय नारी दिवसलाइ धुमधामका साथ मनाएका छन् । प्रत्येक नारी दिवसमा एउटा एउटा मुख्य बिषयमा आधारित नाराहरु बनाइन्छ । प्रत्येक देशले आ-आफ्नै समसामयिक बिषयहरुलाई समाबेस गरि नाराहरु बनाउने गर्दछन । नारि दिवसको अवसरमा नेपालले तयार पारेको राष्ट्रिय नारी दिवस नारा **“समानताको पुस्ता, अन्त्य गरौं हिंसा विभेद र असमानता”** मन्ने नाराका साथ यहाँपनि धुमधामका साथ नारी दिवस मनाइयो । यसै अवसरमा कमल गाउँपलिका महिला तथा वालवालिका शाखाको आयोजनामा विभिन्न कार्यक्रम गरी अन्तर्राष्ट्रिय नारी दिवस मनाईएको थियो । कार्यक्रममा गाउँपालिकाको क्षेत्रभित्र रहेर ब्यूटीपार्लर, बाखापालन, सिलाई बुनाई, ढाका उद्यमी, तरकारी खेतीका माध्यमबाट आफूलाई समाजमा स्थापित गर्न सफल

महिला उद्यमीहरुलाई नगद तथा सम्मानपत्र सहित सम्मान गरिएको थियो । वडा नम्वर १ बाट क्रमस लक्ष्मी भण्डारी, सीता कार्की, निरुपा राई, भीमकला थापा, तारा बस्नेत, नर्वदा दवाडी र रीता पमूलाई कमल गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले सम्मान गर्नुभएको थियो ।



उद्यमीलाई सम्मान पछि आफ्नो मन्तव्यका क्रममा अध्यक्ष काफ्लेले विगतमा महिला मुक्तिका विरुद्धमा वोल्न नपाईने भए पनि अहिले महिला सशक्तिकरण बलियो हुँदै आएको बताउनु भयो । त्यसैगरी कमल गाउँपालिकाका प्रमुख प्रशासकीय अकृित सुवास श्रेष्ठले संविधानले दिएको ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता गरेकोले विभिन्न क्षेत्रमा महिला सहभागिता बढ्दै गएको बताउनुभयो ।

हरेकवर्ष मार्च ८ तारिखका दिन यो दिवस मनाउने गरिन्छ । नारी मुक्ति आन्दोलनकी अभियन्ता क्लारा जेट्किनले सन् १९११ मार्च ८ मा महिला कामदारमाथि भएको श्रम शोषणविरुद्ध आवाज उठाएको दिनको स्मरणमा विश्वभर महिला दिवस मनाउने गरिन्छ ।

# विपन्न सन्थाललाई घर



झापा कमल गाउँपालिका १ माझगाउँ कृष्णी खोलाको किनारमा रहेको सुकुम्बासी बस्तिका जीवन मढीको सिठाले बारेर माटोले पोतिएको सानो घर थियो । त्यहाँ जीवनका ६ जना परिवार १८ बर्ष अघिदेखि बस्दै आएका थिए । पानी पर्दा छानो चुहिन्थ्यो, हुरी चल्दा रातभर निदाउन सकिदैन थियो ।

त्यस्तै सोही सन्थाल बस्तिमा ६ बर्षदेखी बस्दै आएका साइला हस्ताको पनि घामपानी पनि राम्ररी ओत नलाग्ने भत्केको घर थियो । पानी पर्दा पानी उहाँको घरभित्र पसेर घरमा रहेको लत्ता कपडा, खाद्यान्न भिजेर नष्ट हुन्थ्यो भने पानी पर्दा कैयौँ रातहरु निदाउन सक्ने अवस्था पनि हुने थिएन ।

दैनिक ज्याला मजदुरी र खेतीकिसान गरेर जिवीकोपार्जन गर्ने उहाँले कमाएको पैसाले दैनिक हातमुख जोड्न र आफ्ना सन्तानलाई पढाउनमा नै धौधौँ थियो । उहाँको पनि आधा उमेर यस्तै घरमा बित्यो । यो जीवनमा नयाँ पक्की घरमा बस्न पइएला जस्तो उनलाई लागेको थिएन । त्यस्तै जीवन र साइला सगैं सुकुम्बासी वस्तिमा विगत लामो समयदेखी सानो टहरोमा बस्दै आएका अर्का सोम टुडुको व्यथा पनि उस्तै थियो । बाँसको खाँबाखुट्टी बर्षेनी मर्मत गर्दै जसोतसो घामपानीमा ओत लाग्दै उहाँले पनि जीविका चलाउदै आउनुभयो । तर कृष्णी खोला किनारमा बसोबास गर्दै आएका सन्थाल समुदायको यो दुःख हट्नेभएपछि खुशीयाली छाएको छ । प्रदेश सरकारको जनता आवास कार्यक्रम अन्तर्गत प्रदेश सरकारको तीन लाख लागतमा घर बन्न सुरु भएपछि उनीहरुमा खुशीयाली छाएको हो ।

त्यस्तै अर्का लाभान्वित सुनिल सोरेनले भन्नुभयो ‘‘हामी जस्तो गरिबलाई पनि सरकारले हर्दो रहेछ, यो भन्दा अरु खुसी के हुन्छ र सरकारसगँ घर मागी दिनुहुने वडा अध्यक्षको मुहारमा खुशी छाईरहोस आशिर्वाद छ ।’’ सरकारले जनता आवास कार्यक्रम अन्तर्गत सन्थाल बस्तीमा दश परिवारलाई घर निर्माण गरिदिएको हो ।

विपन्न समुदायलाई घर निर्माण गर्ने नीति अनुसार सन्थाल बस्तीमा घर निर्माण कार्य अघि बढेको कमल गाउँपालिका १ का वडाध्यक्ष केदार कटुवालले बताउनुभयो । ऊनीहरुलाई आफ्नो भोगचलन अनुसारको जग्गा दर्ता गरी धनीपूर्जाको निम्ति पहल गरिरहेको जानकारी दिनुभयो ।

यसैबिच घर सानो भएको भन्दै आफुहरुको परिवार अट्न गाह्रो हुने भएकाले घरको साइज बढाइदिनुपर्ने उनीहरुले बताएका छन् । ‘‘कोठाको आकार सानो छ, हामी ६ जनाको परिवार कसरी अट्ने ?’’ जीवन मढीले भन्नुभयो । त्यस्तै उहाँले घरहरु एकैठाउँमा लहरै बाक्लौ हुँदा समस्या आउन सक्ने भन्दै घरहरु एकै ठाउँमा नभई छुट्टा छुट्टै भइदिए आफुहरुलाई सहज हुने बताउनुभयो ।

त्यस्तै साइला हस्ताले घरको कोठा र बरण्डाको साइज केहीहदसम्म ठूलो बनाइदिन आग्रह गर्नुभएको छ । बरण्डाको साइज कम्तिमा ६ फिट हुनुपर्ने उहाँको भनाई छ । यसैबिच प्रदेश सरकारको मापदण्ड अनुरुप उपभोक्ताको सुझाबलाई मध्यनजर गर्दै घर निर्माण गरिने वडाअध्यक्ष कटुवालले प्रतिक्रिया दिनुभएको छ ।

# विकास योजनाहरूको अनुगमन



१ नम्वर प्रदेशका प्रदेशसभा सदस्य अर्जुन राईले झापा क्षेत्र नं. ५ 'ख' मा सञ्चालित योजनाको अनुगमन गर्नुभएको छ । प्रदेश निर्वाचन पूर्वाधार क्षेत्र विकास कार्यक्रम र प्रदेश निर्वाचन क्षेत्र विकास कोष बाट आफ्नो निर्वाचन क्षेत्रमा सञ्चालनमा रहेका योजना अनुगमन गर्नुभएको हो । कमल गाउँपालिकाका सञ्चालित योजनाको राई सहित प्रधानमन्त्रीका स्वकीय सचिवालय सदस्य होमबहादुर थापा, कमल गाउँपालिका वडा नम्वर ५ का वडा अध्यक्ष डम्वरबहादुर निरौला लगायतको टोलिने अनुगमन गरेको हो । कमल गाउँपालिका वडा नम्वर ५ स्थित समाधीस्थल जाने ठाउँमा ५० लाख रुपैयाँको लागतमा निर्माण हुँदैगरेका पक्की पुल, वडा नम्वर ५ मा २५ लाख रुपैयाँकै लागतमा निर्माणाधिन वडा कार्यालय भवन र वडा नम्वर ७ मा २५ लाख रुपैयाँमो लागतमा निर्माण सम्पन्न भएको वडा कार्यलय भवनको अनुगमन गर्नुभएको हो ।



त्यसैगरी वडा नम्वर ५ को स्वर्गिक मार्गमा ८ लाख रुपैयाँको लागतमा कम्पाउण्डवाल, वडा नम्वर ७ स्थित सिंहदेवि आधारभुत विध्यालयमा ७ लाख रुपैयाँको लागमा ट्रष्ट र कम्पाउण्डवाल लगायतका योजना अनुगमन गर्नुभएको हो । अनुगमन गरिएका योजना अन्तरगत कमल गाउँपालिका वडा नम्वर ५ स्थित समाधीस्थल जाने ठाउँमा ५० लाख रुपैयाँको लागतमा निर्माण हुँदैगरेका पुल, वडा नम्वर ५ मा २५ लाख रुपैयामो लागतमा निर्माण हुदै गरेको वडा कार्यलय भवन र वडा नम्वर ७ मा २५ लाख रुपैयामो लागतमा निर्माण सम्पन्न भएको वडा कार्यालयको अनुगमन गर्नुभएको हो । त्यसैगरी वडा नम्वर ५ मो स्वर्गिक मार्गमा ८ लाख रुपैयाको लागतमा कम्पाउण्डवाल, वडा नम्वर ७ स्थित सिंहदेवि आधारभुत विद्ययालयमा ७ लाख रुपैयाँको लागतमा ट्रष्ट र कम्पाउण्डवाल लगायतका योजना अनुगमन गर्नु भएको हो ।

**जातीय भेदभावको अन्त्य गरौं, सामाजिक सहिष्णुता कायम राखौं**

# मन्त्री कार्कीद्वारा सडक शिलान्यास



कमल गाउँपालिका वडा नम्बर ३ स्थित साम्राको मिल हुदै वोहोरा, टोल बगानेटोल सिसा बाँध हुँदै क्याम्पा जोड्ने सडक निर्माण शुरु भएको छ । निर्माण कार्यको १ नम्वर प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मतकुमार कार्कीले शिलान्यास गर्नु भएको हो । सो क्रममा उहाँले निर्माण कम्पनीलाई आफुले जिम्मा लिएको दायित्व निर्धारित समयमानै पूरा गर्न आग्रह गर्नु भयो । यस्तै कमल गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले स्थानीय स्तरमा सञ्चालन हुने विकास योजनाहरुप्रति चनाखो हुन स्थानीयबासीलाई आग्रह गर्नुभयो । तराई मधेश सम्वृद्धिकार्यक्रम अन्तर्गत सो सडक निर्माणको जिम्मा विर्तामोड स्थित झापाली ईन्टरनेसनल ईन्जिनियरिङ्ग एण्ड विल्डर प्रालिले पाएको हो । त्यसकालागि भ्याट बाहेक ५१ लाख ४८ हजार ७ सय ५० रुपैयाँ बिनियोजन भएको थियो । १ हजार १ सय मिटर लामो र चौडाई ५ मिटर रहने सडक निर्माण भएको हो । २०७६ साल मंसिर २३ गते संझौता भएको सडक २०७६ चैत १२ गते निर्माण सम्पन्न गरि सक्नुपर्ने कमल गाउँपालिकाका ईन्जिनियर शुनिल थापाले जानकारी दिनुभयो ।

# भव्य रुपमा मनाईयो धान दिवश

**व्यूँभिए बेठी र असारे भाका**




असार १५ नेपाली किसानहरुका लागि मानो खाएर मुरी फलाउने दिन । अझ सरकारले समेत यस दिनलाई राष्ट्रिय धान दिवश भनेर मनाउन थालेपछि यो दिनले राष्ट्रिय महत्व पाएको छ । असार-१५ लाई किसानहरुको उत्सवको रुपमा राज्य स्तरबाट समेत मनाउन थाले पनि यस दिनसँग जोडिएका मौलिकता भने नयाँ पुस्ताका धेरैलाई नौलो लाग्ने गर्दछ । असारमा धान रोप्दा बेठी लगाउने, असारे भाका गाउने जस्ता चलन नयाँ पुस्ताका कयौंलाई थाहै छैन । कृषि क्षेत्रमा बढेको यान्त्रिकरणका कारणले कृषि कर्मसँग मानिसको सम्वन्ध कम हुँदै गएपछि त झन असार १५ लाई मौलिक रुपमा मनाउने चलन पनि हराउँदै गएको छ । यसै क्रममा कमल गाउँपालिकाले पनि २०७७ सालको धान दिवश भव्य रुपमा मनाएको छ । नेपाली किसानहरुको उत्सवको दिनलाई गाउँपालिकाले सांस्कृतिक उत्सवको रुपमा मनाएको हो ।

# हौसिएका ज्येष्ठ नागरिक

आफ्नो बाल्यकालमा मात्र मौलिक रुपमा असार १५ मनाउन पाएका ज्येष्ठ नागरिकहरु बुढेसकालमा भए पनि बेठीसँग रमाउन पाउँदा दंग भए । झापाको कमल-६ मा नेपाली नौमतीबाजासहित बेठी लगाएर रोप्न पाउँदा उनीहरुले आफ्नो बाल्यकालको सम्झना गर्नुभयो । स्थानीय ७५ वर्षीया बिष्णुमाया पौडेलले भन्नुभयो- 'उहिले हामी सानै छँदा ताप्लेजुङमा मात्र बेठी लगाएर धान रोपेको देखेकी थिएँ, त्यसपछि पहिलो पटक आज देख्न पाईयो ।' उहाँको जस्तै बाल्यकालको न्याश्रो मेटियो ७५ वर्षीया पवित्रादेवी ओस्तीको पनि । इलामको नाम्सालिङलमा आफुहरु सानै छँदा मात्र नौमती बाजासहित रोपाई गरेको उहाँले सम्झना गर्नुभयो । पहाड छोडेको ४५ वर्षपछि बेठी लगाएको देखेपछि बृद्धा अवस्थामा भए पनि एकछिन उहाँ हिलोमा पस्नुभयो । उहाँले भन्नुभयो-'यो बेलामा रोपाई गर्न त के सकिन्थ्यो र तैपनि नौमती बाजा बजेपछि जिउनै उचालियो, हिलामा पसेर उहिलेको रोपाइँ सम्झिएर न्याश्रो मेट्न पाईयो ।'

# नयाँ पुस्तालाई नौलो

५० भन्दा बढि रोपाहारले नौमतीबाजाको तालमा असारे भाका हाल्दै रोपाई गरेको दृश्य नयाँ पुस्ताका युवाहरुलाई नौलो बन्यो । कमल-६ का सुमन दाहालले भन्नुभयो- 'रोपाईँको गीत रेडीयोमा चाहिँ सुनेको हो तर यसरी बाजा बनाउँदै, गीत गाउँदै र नाच्दै रोपाई गरेको चाहिँ देखेको थिइँन, आजै देखेँ ।' विवाहमा कतै कतै नौमती बाजा बजाएको देखेपनि रोपाइँ गर्दा नाच गान गरेको दृश्य उहाँका लागि नौलो बन्यो ।

पछिल्लो पुस्ताका व्यक्तिलाई मात्र होईन, ६१ वर्ष पुग्नुभएकी गायत्रीदेवी पौडेलले पनि पहिलो पटक बेठी लगाएको देख्नुभएछ र असारे भाकामा लय मिलाउनुभयो । सानै छँदा पहाड छोड्नु परेकाले बेठीबारे सुनेपनि देख्न नपाएको उहाँले बताउनुभयो । 'रोपाई गर्दा बेठी लगाउँछन् अरे भनेको चाँहि सुनेकी थिएँ तर देखेकी थिईन' उहाँले भन्नुभयो-'यसरी रोपाई गर्दा त, मेलो बढेको पनि थाहै नहुने रहेछ ।'

# स्थानीय सरकारको चासो

राष्ट्रिय धान दिवशलाई बेठी सहित रोपाई गरेर मनाउन स्थानीय सरकारले अग्रसरता देखाए पछि धेरैलाई नेपाली रोपाई संस्कारसँग नजिकिने अवसर मिलेको हो । गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले भन्नुभयो- 'हामीले राष्ट्रिय धान दिवशलाई सम्पूर्ण गाउँपालिकाबासीको साझा पर्व बनाउने उदेश्यले विगतका वर्षदेखिनै यसरी मनाउँदै आएका छौं, यसले

कृषिकर्मप्रति युवा पुस्ताको चासो बढाउन पनि सहयोग गरेको छ भने नेपाली मौलिकताको संरक्षणमा पनि टेवा पुगेको ठानेका छौं । 'अघिल्ला वर्षहरुमा गाउँपालिकाले एकै ठाउँमा वृहत रुपमा धान दिवश मनाउने गरेको भए पनि यस वर्ष कोरोना भाईरसका कारण बढि भिड हुन नदिन दुई ठाउँमा धान दिवश मनाईएको उहाँले जानकारी दिनुभयो ।

किसान नेता समेत रहनु भएका गाउँपालिका उपाध्यक्ष बेनुप्रसाद शिवाकोटीले गाउँपालिकाको पहिलो प्राथमिकतामानै कृषि क्षेत्र पर्ने गरेको भन्दै यस वर्ष समेत स्वास्थ्य क्षेत्रसँगै कृषिलाई पनि बजेट बिनियोजन गरिएको जानकारी दिनुभयो । कृषिको आधुनिकीकरण र व्यवसायीकरणसँगै मौलिक परम्पराको पनि संरक्षण गर्ने उदेश्यले बेठी लगाउने गरिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो-'उहिले साहु महाजनका खेतमा मात्र बेठी लगाउने चलन थियो, तर हामीले हरेक वर्ष पालै पालो फरक फरक किसानका खेतमा बेठी सहित सामुहिक रुपमा धान रोपाई गर्ने गरिएको छ ।' सामान्य किसानको खेतमा समेत बेठी लगाउँदा किसानहरुले समेत बेठी संस्कार जमिन्दार तथा साहुहरुको मात्र नभएको र सामान्य किसानले पनि यसको आनन्द लिन सक्ने महसुस गरेको बताएका छन् ।









# सूर्यमुखी खेतीमा प्रोत्साहन



कमल गाउँपालिकाका किसानहरुले व्यावसायिक सूर्यमुखी खेतीलाई नयाँ विकल्प बनाएका छन् । धानबालीपछि खाली हुने तथा कम फाइदा हुने अन्य बाली लगाउँदै आएका यहाँका किसानहरुले सूर्यमुखीलाई नयाँ विकल्प बनाएका हुन् । सूर्यमुखी खेती गर्दा छोटो समयमा राम्रो उत्पादन लिन थालेपछि पहिलो वर्षको खेतीबाट नै किसान उत्साहित बनेका छन् । कोरोना भाइरस नियन्त्रणका लागि गरिएको लकडाउन किसानले सूर्यमुखीको स्याहार र गोडमेल गर्ने समयको रुपमा उपयोग गरे ।  पहिलो वर्ष पाँच कट्ठा जमिनमा सूर्यमुखी खेती गरेका कमल-७ का ओमनाथ तिम्सिनाले पहिलो वर्षमा नै उत्साहित भएको बताउनुभयो । गाउँपालिकाले वीउ वितरण गरेपछि पहिलो पटक सूर्यमुखीको खेती गरेको बताउँदै ओमनाथले यसबाट छिटो आम्दानी हुने र स्वास्थ्यकर खाद्यतेलको आपूर्ती समेत हुने भएकोले अर्को वर्ष खेती विस्तार गर्ने लक्ष्य रहेको बताउनु भयो ।

# खानेतेलमा आत्मनिर्भर बनाउने लक्ष्य

कमल गाउँपालिकाले भने गाउँपालिकालाई खानेतेलमा आत्म निर्भर बनाउने लक्ष्य लिएको र सोहीअनुसार सूर्यमुखी खेतीमा किसानलाई प्रोत्साहित गरेको जनाएको छ । गाउँपालिकाका कृषि शाखा प्रमुख महेन्द्र बोहोराले यस वर्ष ६० किलो वीउ किसानलाई वितरण गरिएको जानकारी दिनुभयो । विभिन्न समूहमार्फत किसानलाई वीउ उपलब्ध गराइएको हो । यस वर्षको नतिजाले आगामी वर्षमा समेत सूर्यमुखी खेतीको क्षेत्रफल विस्तारलाई बल पुऱ्याएको उहाँले बताउनुभयो । केही किसानहरुले भने सूर्यमुखीलाई मकैबालीसँगै मिश्रित बालीका रुपमा लगाएका छन् । यसको नतिजा हेरेर उपयुक्त भएमा आगामी वर्षमा समेत यसलाई विस्तार गर्ने लक्ष्य रहेको गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले बताउनुभयो ।

खानेतेलको माग बर्सेनी बढिरहने तर स्वदेशी उत्पादनले धान्न नसकिरहेको अवस्थामा गाउँपालिकाले यसको खेतीतर्फ किसानलाई प्रोत्साहित गरेको गाउँपालिकाका उपाध्यक्ष बेनुप्रसाद शिवाकोटी बताउनुहुन्छ । यसवर्ष गाउँपालिकामा १० हेक्टर जमिनमा व्यावसायिक रुपमा सूर्यमुखी लगाइएको छ । यसबाहेक अन्य किसानले छिटफूट रुपमा समेत यसको खेती गरेको गाउँपालिकाले जनाएको छ ।

## दोहोरो फाइदा

सूर्यमुखीको खेतीबाट मौरीपालनमा समेत सहयोग पुगेको छ । व्यावसायिक मौरी पालन गरिरहेका किसानहरुले सूर्यमुखी खेतीमा मौरी चरनका लागि आग्रह गर्ने गरेका छन् । मौरीको परागसेचनले कृषि उत्पादकत्वलाई पनि फाइदा पुऱ्याउनले भएकाले यसबाट किसानले दोहोरो फाइदा लिएका छन् । मौरीमार्फत हुने परागसेचनले कृषि उत्पादकत्व वृद्धिमा समेत सहयोग पुऱ्याउने अनुसन्धानहरुको नतिजाले देखाएको गाउँपालिका कृषि प्राविधिक प्रेमप्रसाद पोखरेलको भनाई छ । तर मौरीपालनलाई समेत सहयोग पुग्नेगरी सूर्यमुखी खेती गर्दा विषादीको प्रयोगमा भने सजगता अपनाउन जरुरी रहेको उहाँको सुझाव छ । सूर्यमुखीमा ढुसीजन्य रोगहरु लाग्ने समस्या रहेको र प्राविधिकहरुको परामर्शमा विषादीको प्रयोग गर्नु परेको किसान ओमनाथ तिम्सिनाको अनुभव छ ।

# वडा नं. ५ को भवन बन्दै



झापाको कमल गाउँपालिका वडा नम्वर ५ को निर्माणाधिन वडा कार्यलयको भवन निर्माण शुरु भएको छ । भवनको एक कार्यक्रम विच १ नम्वर प्रदेशका सभासद अर्जुन राई र कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले संयुक्त रुपमा शिलान्यास गर्नुभयो ।

स्थानीय सरकारका वडा कार्यलय सेवाग्राहिका आधारभुत आश्यकता पुरा गर्ने महत्वपूर्ण अङ्गको रुपमा रहेकोले वडाको आफ्नो छुट्टै भवन हुनु आवश्यक छ । त्यसैले भवन निर्माणका लागी प्रदेशसभा निर्वाचनक्षेत्र पूर्वाधार विकास कार्यक्रमको बजेटबाट भवन निर्माणको कार्य सुरु गरिने १ नम्वर प्रदेशका सांसद अर्जुन राईले बताउनुभयो ।.यस आर्थिक वर्षको बजेटबाट भवनको निर्माणकार्य सुरुगर्ने र आगामी आर्थिक वर्षको बजेटबाट निर्माण सम्पन्न हुने गरी शिलान्यास गरिएको र अन्य वडामा पनि क्रमश भवन निर्माण गर्दै लगिने कमल गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले बताउनुभयो ।

वडाको भवन निर्माणका लागी स्थानीय सन्तोष कार्की, रामकुमार, नगेन्द्रबहादुर, विष्णु, प्रेमबहादुर र कृष्ण कार्कीले आफ्ना बुबा स्वर्गीय चिनबहादुर कार्की र आमा स्वर्गीय

चन्द्रकाला कार्कीको स्मृतिमा १८ धुर जग्गा निशुल्क प्रदान गर्नुभएको वडा नम्वर ५ का वडा अध्यक्ष डम्वरबहादुर निरौलाले जानकारी दिनुभयो ।

१ करोड ३० लाख भन्दा वढीको लगतमा निर्माण हुन लागेको वडा कार्यलयको भवन भुकम्प प्रतीरोधक हुनुका साथै अपाङ्गता मैत्री हुने भनिएको छ । आगामी आर्थिक वर्ष २०७७ /०७८ को अत्य सम्ममा निर्माण सम्पन्न गरिसक्ने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठले जानकारी दिनुभयो ।

# वडाबाटै आधारभूत स्वास्थ्य सेवा



कमल गाउँपालिकाका सातैवटा वडाबाट आधारभूत स्वास्थ्य सेवाकेन्द्र मार्फत स्वास्थ्य सेवा सुरु भएको छ । जनतालाई सहज र सुलभ रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले सबै वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरि सेवा सञ्चालनमा ल्याईएको कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले जानकारी दिनुभयो ।

हाल आफ्नै भवन नभएपनि घर भाडामा लिएर आधारभूत स्वास्थ्य सेवा केन्द्र मार्फत जनतालाई स्वस्थ्य सेवादिन शुरु गरेको उहाँको भनाई छ । यसै आर्थिक वर्षको अन्त्य सम्ममा आफ्नै भवनबाट स्वास्थ्य सेवा दिने गरि काम गरिरहेको समेत अध्यक्ष काफ्लेले बताउनुभयो ।

# कमला मदन नमूनाका लागि छनौट




झापाको कमल गाउँपालिका स्थित कमला मदन आश्रित स्मृति माध्यमिक विद्यालय सरकारले नमूना विकासकालागी छनौट गरेका देशभरका एकसय विद्यालयमा पर्न सफल भएको छ । सरकारले विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखाले देशभरबाट एकसय वटा नमूना विद्यालय छनोट गरेको थियो जस मध्ये कमल गाउँपालिका २ स्थित कमला मदन आश्रित स्मृति माध्यमिक विद्यालय नमूना विकासका लागि छनोटमा परेको विद्यालयका प्रधानाध्यापक हिमप्रसाद दाहालले जानकारी दिनुभयो ।

प्रस्तुत विषयमा यस केन्द्रबाट आर्थिकवर्ष २०७६/०७७ मा विगतमा नमूना विकासका लागि विद्यालयहरू छनोट नभएका स्थानीय तहअन्तर्गत सयवटा विद्यालयहरू नमूना विकासका लागि छनोट गर्न मिति २०७६ असोज १६ गतेको गोरखापत्रमा सूचना प्रकाशन गरी आह्वान गरिएअनुसार आवेदन गरेका विद्यालयहरू मध्येबाट नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका २०७४ (पहिलो संसोधन २०७५ सहित) अनुसार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय (मन्त्रीस्तर) को मिति २०७७/३/३१ को निर्णय अुसार देशभरबाट सय वटा विद्यालयहरू छनोट भएको शिक्षा तथा मानव श्रोत विकास केन्द्रले जारी गरेको विज्ञप्तिमा उललेख गरिएको छ ।

# विद्यालय सुधार्न अभिभावकको जाँगर




सामुदायिक विद्यालयको गुणस्तर सुधारको बहस देशव्यापी बनेको छ । कतिपय सामुदायिक विद्यालयमा विद्यार्थी संख्या लगातार घटेपछि नजिकका विद्यालय गाभ्ने अभ्यास पनि कतिपय ठाउँमा भइरहेको छ । झापाको कमल गाउँपालिका-७ विष्णुकट्टामा रहेको सिंहदेवी प्राविमा पनि यस्तै अवस्था आउन लागेपछि विद्यालयमा विद्यार्थी टिकाउन अभिभावक नै जाँगरिला बनेका छन् । अभिभावकहरू घरघरमै पुगेर अभियान नै चलाएका छन् ।

विद्यालय सुधार कार्यक्रमअन्तर्गत गएको श्रीपञ्चमीका दिनदेखि प्ले ग्रुपदेखि कक्षा १ सम्म अंग्रेजी माध्यममा पठन-पाठन शुरु गरेपछि पढ्न आउने विद्यार्थी ह्वातै बढेका छन् । विद्यालयका प्रधानाध्यापक सुरेन्द्र राईका अनुसार विद्यार्थी संख्या बढाउन अभिभावकको सक्रियतामा विद्यालयले अंग्रेजी माध्यममा पढाई सञ्चालन गरिएपछि विद्यार्थी भर्ना अवस्थामा सुधार आएको हो । अंग्रेजी माध्यममा पढाई शुरु गरिएपछि प्लेग्रुप कक्षामा एकैसाथ २२ जना विद्यार्थी थपिएका छन् । सुधारको पहिलो वर्ष प्लेग्रूपदेखि कक्षा १ सम्म अंग्रेजी माध्यमबाट पढाई शुरु गरिएको हो । यससँगै अहिले नेपाली तथा अंग्रेजी माध्यम गरी ७५ विद्यार्थी पुगेका छन् । अहिले अंग्रेजी पढाइसँगै विद्यार्थी पोशाकको समेत व्यवस्था गर्ने तयारी छ ।


निजी विद्यालयसँग प्रतिष्पर्धा गर्न नसक्दा सामुदायिक विद्यालयले चुनौती खेप्नुपरेको प्रधानाध्यापक राई बताउनुहुन्छ । सामुदायिक विद्यालयमा सरकारी लगानी उच्च भए पनि त्यसबाट लक्ष्यअनुसार शैक्षिक सुधार नआउँदा अधिकांश सामुदायिक विद्यालयले नराम्ररी यस्ता चुनौतीसँग सामना गर्नुपरेको उहाँको भनाई छ ।

## विभिन्न क्षेत्रबाट सहयोग

विद्यालयले अंग्रेजी माध्यममा कक्षा १ सम्म पढाइ सुरु गरेपछि दक्ष शिक्षक राख्न पहल गरेको छ । त्यसका लागि चारजना शिक्षकको दरबन्दी थप्ने तयारी भइरहेको अध्यक्ष तिम्सिना बताउनुहुन्छ । चार जना दरबन्दी रहेको यस विद्यालयमा अंग्रेजी माध्यममा पढाइ हुन लागेपछि जनशक्ति अभाव भएकाले त्यसलाई समुदायकै पहलमा राख्न लागिएको हो । अभिभावकहरुको जाँगरलाई स्थानीय सरकारले पनि साथ दिएको छ । गत आर्थिक वर्षमा गाउँपालिकाले विद्यालयको पूर्वाधार विकासमा ४ लाख रुपैयाँ खर्च गरेको वडाअध्यक्ष पृथ्वीपति राईले बताउनु भयो । यस्तै प्रदेशसभा सदस्य अर्जुन राईको पहलमा भवन निर्माणका लागि ७ लाख र चिल्ड्रेन पार्क निर्माणका लागि थप रकम प्राप्त भएको वडाअध्यक्ष राईले जानकारी दिनु भएको छ ।

# पहिचान झल्कने प्रतिक निर्माण





झापाको क्याम्पा बजारमा तोपगाछीको ऐतिहासिक पहिचान झल्कने तोप र गाछीका प्रतिकसहितको स्तम्भ निर्माण गरिएको छ । कमल गाउँपालिका २ क्याम्पा बजारमा गाउँपालिका अध्यक्ष मेनुका काफ्ले र उपाध्यक्ष बेनु शिवाकोटीले संयुक्त रूपमा त्यसको उद्घाटन गर्नु भएको हो । स्तम्भ निर्माण स्थानिय युवाको पहलमा कमल गाउँपालिका तथा विभिन्न दाताहरूको सहयोगमा निर्माण सम्पन्न भएको निर्माण समितिका सचिव कुमार बस्नेतले जानकारी दिनुभयो ।

यसैगरि कमल गाउँपालिका वडा नं.-५ को पाडाजुङ्गीमा समेत कमलको प्रतिक सहितको स्तम्भ निर्माण गरिएको छ । पाडाजुङ्गी चोक अन्य स्थानीय तहहरुबाट कमल गाउँपालिका प्रवेश गर्ने मुख्य नाका समेत भएकाले यसको सौन्दर्यकरणका लागि कमलको प्रतिक सहयोगी बन्ने वडाअध्यक्ष डम्बर निरौलाले बताउनु भएको छ ।

# कमलमा कोरोना विरुद्धको एकता



कोरोना भाइरस (कोभिड-१९) को महामारी नियन्त्रणकालागि झापाको कमल गाउँपालिकाले सवै पक्षलाई एकढिक्का बनाएर विभिन्न कार्यहरु सञ्चालन गऱ्यो । छिमेकी देशहरुमा महामारी फैलिएपछि लकडाउन घोषणा हुनुअघिदेखि नै गाउँपालिकाले सजकता अपनाएको हो ।

गाउँपालिकाको विपद व्यवस्थापन समितिको बैठक, रेडक्रस लगायत विभिन्न पक्षसँगको छलफल, परामर्श लगायतका चरण पूरा गर्दै महामारी विरुद्ध कार्य सञ्चालन गरिएको हो । कोरोना नियन्त्रणका लागि माईकिङ गर्ने, विभिन्न सञ्चार माध्यमबाट सन्देश प्रवाह गर्ने, पम्प्लेट वितरण गर्ने लगायतका कार्य गरि कोरोना विरुद्ध सर्वसाधारणलाई चेतना प्रवाह गरिएको थियो । यस्तै हेल्प डेस्क समेत सञ्चालन गरि कोरोना विरुद्ध जानकारी गराईएको कमल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवाश श्रेष्ठले बताउनु भयो । यसैगरी प्रत्येक स्वस्थ्य केन्द्रमा हेल्पडेक्स सञ्चालन गरि सर्वसाधारणलाई कोरोनाबाट बच्ने उपाय,

हात धुने विधी, मास्क लगाउने तरीका लगायतका बारेमा पनि जानकारी गराईएको कमल गाउँपालिका स्वस्थ्य शाखा प्रमुख बाबुराम थुलुङ्गले बताउनु भयो ।

लकडाउनको समयमा अत्यावश्यक वस्तुहरुको अभाव, मुल्यवृद्धी र कालाबजारी हुन नदिन पटक पटक बजार अनुगमन समेत गरिएको थियो । अनुगमनका क्रममा गाउँपालिका भित्रका विभिन्न बजार तथा पसलमा अनुगमन टोली पुगेको र उपभोक्ताहित विपरित कुनै पनि कार्य हुन नदिएको गाउँपालिकाका उपाध्यक्ष तथा अनुगमन टोलीका संयोजक बेनुप्रसाद शिवाकोटीले जानकारी दिनुभयो । विश्वव्यापी महामारीको समयमा समेत यसको नियन्त्रणका लागि गाउँपालिकाका सवै पक्षविच दर्विलो सहकार्य भएको गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले बताउनु भयो । सवै पक्षको सहकार्यलेनै जनचेतना अभिवृद्धी, क्वारेन्टीन सञ्चालन, नमूना परीक्षण, नियमित सेवा प्रवाह, अति आवश्यक वस्तुको आपूर्ती लगायतका सवै क्षेत्रमा सहजता भएको उहाँले बताउनु भयो ।

## ५४ मुद्दा निरूपण

झापा कमल गाउँपालिकाको न्यायिक समितीले आर्थिक बर्ष २०७६/७७ मा ५४ विवादको निरुपण गरेको छ । गाउँपालिकाभित्रका विवाद र मुद्धा निराकरण गर्न उपाध्यक्ष बेनुप्रशाद शिवाकोटीको संयोजकत्वमा न्यायिक समिति बनेको छ ।

गाउँपालिकाको सातौं गाउँसभामा न्यायिक समितीको प्रतिबेदन प्रस्तुत गर्दै शिवाकोटीले आर्थिक बर्ष २०७५/७६ र ७६/७७ को गरी जम्मा ५४ विवाद समाधान भएको जानकारी दिनुभएको हो । उहाँले चालु आर्थिक बर्षमा न्यायिक समितिको बैठक ६ पटक बसेको जानकारी दिनुभयो । यस्तै १७ वटा विवाद मेलमिलाप भएको उहाँले बताउनु भएको छ । गाउँसभाबाट समितिको सो प्रतिबेदन सर्वसम्मत पारित भएको छ ।

# सुरक्षाकर्मीलाई सहयोग

सीमासुरक्षामा खटिएका सशस्त्र प्रहरीलाई झापाको कमल गाउँपालिकाले प्रोत्साहन स्वरुप खाजा उपलब्ध गराएको छ । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को रोकथामका लागि नेपाल सरकारले गरेको लकडाउनमा झापाको माईपश्चिम क्षेत्रको दक्षिणी सिमानामा तैनाथ सशस्त्र प्रहरीलाई गाउँपालिकाले खाद्यान्न सामग्री अन्तर्गत चाउचाउ, आलु, विस्कुट, लगायतका सामग्री उपलब्ध गराएको कमल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठले जानकारी दिनुभयो ।

झापाको माईपश्चिम र रतुवानदी पूर्व र पूर्व पश्चिम लोकमार्ग दक्षिणमा सीमासुरक्षा हेर्नेगरी २ वटा स्थाई भवन सहित २७ वटा अस्थाई पोष्ट स्थापना गरी १ सय ८१ जना सशस्त्र प्रहरी परिचालन गरिएको छ । उनिहरुले २४ घण्टा नै सीमासुरक्षामा ड्युटी गरेको डीएसपी सुमन पोखेलले जानकारी दिनुभयो । ड्युटीमा खटिएका सुरक्षाकर्मीलाई बस्ने व्यवस्था, खानेपानी र सवारी साधनको समस्या रहेको डीएसपी पोखेलले जानकारी दिनुभयो ।



# लकडाउनको समयमा पनि बजार अनुगमन





झापाको कमल गाउँपालिकामा उपभोग्य वस्तु एवम् औषधीजन्य सामग्रीहरुमा हुनसक्ने कालोबजारीलाई रोक्न लकडाउनको समयमा पनि बजार अनुगमन गरिएको छ । विश्वभर तिव्र रुपमा फैलिएको नोवल कोरोना भाइरस (कोभिड १९) को सन्त्रास फैलिरहेका बेला बजारमा खाद्यान्न लगायतका अत्यावश्यक सामग्रीको कालोबजारीलाई रोक्न अनुगमन गरिएको गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्लेले बताउनु भयो ।

छिमेकी देशसँगका सीमानाकाहरु बिस्तारै बन्द हुँदै गएको र यस्तो अवस्थामा बजारमा हुने गरेका कालोबजारी रोक्न अनुगमन गरिएको हो । बजारमा अखाद्य वस्तु र उपभोग्य मिति गुज्रेका खाद्यान्नको बिक्री बढ्ने भएकोले त्यसलाई रोक्न अनुगमन गरिएको गाउँपालिकाले जनाएको छ । अनुगमनका क्रममा केहि पसलहरुमा उपभोग्य मिति सकिएका केहि खाद्यबस्तु समेत भेटिएको अनुगमन समितिका संयोजक तथा गाउँपालिकाका उपाध्यक्ष बेनुप्रसाद शिवाकोटीले बताउनुभयो । ति सामग्रीलाई अनुमगन टोलीले नष्ट गरेको थियो । उपभोक्ता अधिकारको रक्षाका लागि गाउँपालिका प्रतिवद्ध भएको र आगामी दिनमा त्यस्ता अखाद्य बस्तु नबेच्न सम्वन्धित व्यवसायीहरुलाई सचेत पनि गराईएको शिवाकोटीले बताउनुभयो ।

........... विकास/अनुभवको बाँकी अंश

# हाल सम्म गरिएका थप केहि महत्वपूर्णका कामहरु :

सुरक्षित आवाश : ५०० घर
जनता आवाश : ३० घर
स्वास्थ्य बिमा : २८० परिवार
स्वयम्सेवीकाहरुलाई साईकल वितरण : २४ ओटा
विद्युतका पोल वितरण
सुधारिएको चुल्हो वितरण : ८८ ओटा
खानेपानी विस्तारका लागि डीपीआर र पाईप खरीद
वडा नं. २ मा खानेपानी ४ लाख ५० हजार क्षमताको निर्माण
नियमित बजार अनुगमन
विभिन्न कटान क्षेत्रमा बाँसको पाईलिङ् निर्माण
प्राविधिकधार अध्ययन् गर्ने विद्यार्थीलाई छात्रवृति प्रदान
प्रदेश स्तरको सांस्कृतिक महोत्सव आयोजना
प्रत्येक टोलमा टोल विकास संस्थाको गठन
५० बेडको क्वारेन्टाईन निर्माण
उद्यमी महिला, अगुवा किसान तथा प्रजातान्त्रिक अगुवाहरुलाई सम्मान
पूर्ण सरसफाई कार्यक्रम सञ्चालन, ४ ओटा वडा नमूना टोल एवम् कन्बोडीयाको टोलीद्वारा अध्ययन ।
कारितास नेपाल र वर्कफर नेपालसँगको साझेदारीमा खानेपानी, युवास्वरोजगार, व्यवसायी महिलाहरुको विचमा विभिन्न कार्यक्रम ।
३ सय भन्दा बढि विपन्न परिवारलाई दुई पटक राहत वितरण ।
कृषि औजार : सिंचाईको मोटर, टनेल, मकै छोडाउने मेशिन, धान-मकैको बिउ वितरण ।
अपांगता भएका व्यक्तिहरुलाई स्वास्थ्य तथा सहायता सामाग्री वितरण ।
प्रत्येक वडामा आधारभूत स्वास्थ्य चौकी स्थापना ।
ज्येष्ठ नागरिक ११० जनालाई सम्मान, प्रदेशबाट प्राप्त ५ हजार रुपैयाँ वितरण ।
धान दिवश, विषादी रहित सप्ताह, कृषि मेला लगायतका कृषिसँग सम्वन्धित कार्यक्रम सम्पन्न ।
जैविक मल उत्पादन, कृषि चुन वितरण ।
बधशाला निर्माण ।
पाडाजुङ्गी र क्याम्पा चोकमा पहिचान झल्कने प्रतिक सहितको स्तम्भ निर्माण ।
वडानं. ७ को कार्यालय भवन निर्माण सम्पन्न, वडा नं. ५ भवन निर्माण जारी ।
विद्यालय भवन निर्माण : २ ओटा ।
पुल निर्माण : २ ओटा ।
कलभर्ट निर्माण : २० ओटा ।
ड्रेन निर्माण तथा नदी नियन्त्रण ।
कालोपत्रे १.४ किमि, निर्माणाधिन ११.१ किमि तथा स्तरोन्नती १७.२३ किमि,

# कमल गाउँपालिका प्रकोप व्यवस्थापन कोष-२०७६

## राहत संकलन विवरण

| संघ संस्थाहरुबाट | | |
|---|---|---|
| क्र.सं. | संघ संस्थाहरुको नाम | संकलित रकम |
| १। | लखनपुर खानेपानी उपभोक्ता समिती | २५५०००।०० |
| २। | झापाली इटा उद्योग | ५१०००।०० |
| ३। | स्वर्गीय मार्ग संघ नेपाल, झापा | ५०१००।०० |
| ४। | इसाई समाज वडा नं. ४ | ३७०५०।०० |
| ५। | वकफर नेपाल वडा नं. ६ | २०००५।०० |
| ६। | दिपज्योती टोल विकास संस्था वडा नं ४ | २१०३७।०० |
| ७। | हाम्रो टोल विकास संस्था वडा नं. ३ | १५०००।०० |
| ८। | मेची युनेस्को कल्ब वडा नं. ३ | १५०००।०० |
| ९। | समावेशी महिला शसक्तिकरण केन्द्र वडा नं. ३ | ११०००।०० |
| १०। | उद्यमशिल महिला जागरण केन्द्र वडा नं. ३ | १००००।०० |
| ११। | ज्योती क्लब वडा नं. ४ | १००००।०० |
| १२। | एकता कृषक समुह वडा नं. ७ | १००००।०० |
| १३। | ज्योती शिवहरि भजन मण्डली परिवार वडा नं. ४ | ३०००।०० |
| १४। | सिहदेवी किर्तन मण्डली वडा नं ७ | १५००।०० |
| १५। | नुतन राइस मिल वडा नं. ६ | ५१०००।०० |
| १६। | विवत तथा जोखिम न्यूनिकरण व्यवस्थापन समिति साविक लखनपुर-९ र कोहवरा -१ | १५०१५।०० |
| १७। | कारीतास नेपाल | १०००००।०० |
| १८। | तोपगाछी खानेपानी स्किम नं १ | १०००००।०० |
| १९। | शिवालय डाडाटोल | १००००।०० |
| २०। | तोपगाछी खानेपानी स्किम नं २ | १००००।०० |
| २१। | भुटानी क्यानाडा महिमा नेपाली चर्च | ८५०००।०० |
| २२। | नेपाली कांग्रेस गाउँ समिति | ५५०००।०० |

| संघ संस्थाहरुबाट | | |
|---|---|---|
| **क्र.सं.** | **संघ संस्थाहरुको नाम** | **संकलित रकम** |
| २३। | ने.क.पा.गाउँ कमिटि कमल गा.पा. | १८७२००।०० |
| २४। | इस्टन फुट एक वेभरेज प्रा.लि. कमल गा.पा. ६ | २२०००।०० |
| २५। | किरात राई साकेला मांखिम कमल ७ | ८०००।०० |
| २६। | उपासना स्टोर, कमल ५ | १००००।०० |
| २७। | कमल उद्योग वाणिज्य संघ | २१०००।०० |
| २८। | पुष्पथिर घिमिरे प्रतिस्ठान | ५५५५।०० |
| २९। | आत्रेय गोत्रिय पानी पोखेल वंश | १५००५।०० |
| ३०। | तोपगाछी धरमपुर मैत्री समाज | २५०००।०० |
| **जम्मा अक्षरुपी :** वाह्र लाख उन्तिस हजार चार सय सतसठी रुपैया मात्र ।- | | १२२९४६७।०० |

| विद्यालयहरुबाट | | |
|---|---|---|
| **क्र.सं.** | **विद्यालयहरुको नाम** | **संकलित रकम** |
| | **संस्थागत विद्यालय** | |
| १। | कमल प्याबसन | १५००००।०० |
| २। | कमल एन प्याबसन | ५००००।०० |
| ३। | स्वर्णिम पाठशाला | ५५००।०० |
| ४। | साउथपोल एजुकेशन फाउन्डेसन | ५०००।०० |
| ५। | लखनपुर नमुना बोर्डिङ स्कुल | ५०००।०० |
| ६। | मदन आश्रित बहुमुखि क्याम्पस | १५५००।०० |
| | **सामुदायिक विद्यायहरु** | |
| ७। | सरस्वती मा.वि वडा नं. ७ | ४००००।०० |
| ८। | शहिद धर्मभक्त मा.वि वडा नं. ३ | ३९०००।०० |

| विद्यालयहरुबाट | | |
|---|---|---|
| **क्र.सं.** | **विद्यालयहरुको नाम** | **संकलित रकम** |
| ९। | वाणी मा.वि वडा नं. ६ | ३८५००।०० |
| १०। | मंगलमय मा.वि वडा नं. ५ | ३७०००।०० |
| ११। | महेन्द्ररत्न मा.वि वडा नं. २ | ३२५००।०० |
| १२। | कमल मदन आश्रीत मा.वि वडा नं. २ | ३२०००।०० |
| १३। | नरेन्द्र जनता मा.वि वडा नं. १ | २८०००।०० |
| १४। | ज्योती मा.वि वडा नं. २ | २४०००।०० |
| १५। | बाँसबारी मा.वि वडा नं. १ | १८०००।०० |
| १६। | ज्योती आ.वि वडा नं. ४ | १५०००।०० |
| १७। | कञ्चनजंगा आ.वि वडा नं. ३ | १२०००।०० |
| १८। | गुहेश्वरी आ.वि वडा नं. ५ | ११०००।०० |
| १९। | कालिका प्रा.वि वडा नं. १ | ५०००।०० |
| २०। | नवदुर्गे प्रा.वि वडा नं. १ | ४४००।०० |
| २१। | अरनिको प्रा.वि कमल वडा नं. ७ | ६०००।०० |
| २२। | पिङडाँडा प्रा.वि ,कमल ७ | ४०००।०० |
| २३। | सिंहदेवी प्रा.वि.७ | ५०००।०० |
| २४। | सिद्धदेवी प्रा.वि.५ | ६०००।०० |
| २५। | सरस्वती मा.वि.कमल-४ | १२२५०।०० |
| २६। | पञ्चकन्या प्रा.वि.लखनपुर | २०००।०० |
| २७। | शहित रत्न प्रा.वि. | ६०००।०० |
| | **जम्मा अक्षरुपी** : छ लाख आठ हजार छ सय पचास रुपैया मात्र। | ६०८६५०।०० |

| सहकारी संस्थाहरुबाट | | |
|---|---|---|
| **क्र.सं.** | **सहकारी संस्थाहरुको नाम** | **संकलित रकम** |
| १। | नवोदय बहुद्देश्य सहकारी संस्थाबाट | १०००००।०० |
| २। | सिम्रिक बचत तथा सहकारी | ५००००।०० |
| ३। | कर्णाली सहकारी संस्था लि | ५००००।०० |
| ४। | मेची बहुद्देशिय सहकारी संस्था | ५००००।०० |
| ५। | इन्द्रेणी बुहुद्देशिय सहकारी संस्था | २५०००।०० |
| ६। | तमोर सहकारी संस्था | २५०००।०० |
| ७। | शुभलक्ष्मी सहकारी संस्था दमक | २००००।०० |
| ८। | साना किसान सहकारी संस्था | १५५५५।०० |
| ९। | कमलेश्वरी कृषि सहकारी संस्था | १०१००।०० |
| १०। | कर्रमणी बचत तथा ऋण सहकारी | ७१०५।०० |
| ११। | स्वर्ण कमल वचत तथा सहकारी संस्था | ५५००।०० |
| १२। | जागरुक कृषि सहकारी संस्था | १०१००।०० |
| १३। | इन्द्रेणी वहुद्देशिय सहकारी संचालक कर्मचारी | १००००।०० |
| १४। | आइ.पि.एम.कृषि सहकारी संस्था लि. | ७५००।०० |
| १५। | एभरेष्ट वचत तथा ऋण सहारी केर्खा | २५०००।०० |
| १६। | कन्चनजघां वहुउद्धेश्यीय सहकारी दमक | २१०००।०० |
| १७। | सहारा वहुउद्धेश्यीय सहकारी सस्था, विर्तामोड | ६१०००।०० |
| १८। | समयगढ कृषि सहकारी संस्था लि.कमल गा. पा. | ११११११।०० |
| **जम्मा अक्षरुपी** : पाच लाख तिन हजार नौ सय एकहत्तर रुपैया । | | ५०३९७१।०० |

| व्यक्तिगत सहयोग | | | |
|---|---|---|---|
| **क.सं.** | **नामथर** | **ठेगाना** | **संकलित रकम** |
| १। | कृष्ण भण्डारी | कमल गा.पा वडा नं. ६ | ५१०००।०० |
| २। | टिका प्रसाद सिटौला | कमल गा.पा वडा नं. ७ | १०५००।०० |
| ३। | तुलसी तिवारी | कमल गा.पा वडा नं. ५ | १०१५५।०० |
| ४। | खगेन्द्र शिटौला | कमल गा.पा वडा नं. ७ | १०१००।०० |
| ५। | नवराज पाण्डे (वासुको नाममा जम्मा) | कमल गा.पा वडा नं. ७ | १००००।०० |
| ६। | गोपाल बस्तेत | कमल गा.पा वडा नं. ७ | ५०००।०० |
| ७। | खगेन्द्र खनाल | कमल गा.पा वडा नं. ७ | ५०००।०० |
| ८। | शंकर बाबु वस्नेत | कमल गा.पा वडा नं. २ | ५०००।०० |
| ९। | याम पाठक (याम पाण्डेको नाममा जम्मा) | कमल गा.पा वडा नं. ६ | ५०००।०० |
| १०। | युवनाथ अधिकारी | कमल गा.पा वडा नं. ७ | २०००।०० |
| ११। | नारायण अधिकारी | कमल गा.पा वडा नं. ७ | २०००।०० |
| १२। | तिलरुपा बास्तोला | कमल गा.पा वडा नं. ७ | १००५।०० |
| १३। | कुमार पराजुली | कमल गा.पा वडा नं. ७ | २५००।०० |
| १४। | नारायण प्रसाद रिजाल | कमल गा.पा वडा नं. ५ | २०१००।०० |
| १५। | राम मिश्र | | १००५।०० |
| १६। | अक्कल बा गुरुङ | कमल गा.पा वडा नं. ७ | ७०००।०० |
| १७। | विष्णु वगाले | कमल गा.पा वडा नं. ७ | ५०००।०० |
| १८। | पहाडीलाल ताजपुरिया | कमल गा.पा वडा नं. ७ | ५०००।०० |
| १९। | गणेश प्रसाद उप्रेती | | १०१००।०० |
| २०। | अशेष वोगटी | | ५००।०० |
| २१। | कमला अधिकारी | | ५५०५।०० |
| २२। | हरि प्रसाद चम्लागाई | | २०००।०० |
| २३। | निर्मला गुरुङ्ग | दमक न.पा. हाल यु.के | १००००।०० |
| **जम्मा अक्षरुपी** : एक लाख पचासी हजार चार सय सत्तरी। | | | १८५४७०।०० |

| जनप्रतिनिधिहरुबाट | | |
|---|---|---|
| **क्र.सं.** | **जनप्रतिनिधिहरुको नाम** | **संकलित रकम** |
| १। | मेनुका काफ्ले | ४४०००।०० |
| २। | बेणु शिवाकोटी | ४४०००।०० |
| ३। | केदार कटुवाल | २३०००।०० |
| ४। | तारानाथ न्यौपाने | २३०००।०० |
| ५। | नर प्रसाद दंगाल | २३०००।०० |
| ६। | प्रेम बा राई | २३०००।०० |
| ७। | डम्बर बा निरौला | २३०००।०० |
| ८। | नरेन्द्र भट्टराई | २३०००।०० |
| ९। | पृथ्वी राई | २३०००।०० |
| १०। | तारा बोगटी | १२०००।०० |
| ११। | सीता निरौला | १२०००।०० |
| १२। | गीता गजुरेल | १२०००।०० |
| १३। | गंगा राई | १२०००।०० |
| १४। | सावला महली | १२०००।०० |
| १५। | डम्बर बा धिमाल | १२०००।०० |
| १६। | कोमल दुलाल | ७५००।०० |
| १७। | भिष्म सुवेदी | ७५००।०० |
| १८। | सारदा पौडेल | ७५००।०० |
| १९। | भला वि.क | ७५००।०० |
| २०। | ज्ञानेन्द्र गौतम | ७५००।०० |

| जनप्रतिनिधिहरुबाट | | |
|---|---|---|
| क्र.सं. | जनप्रतिनिधिहरुको नाम | संकलित रकम |
| २१। | दुर्गा पराजुली | ७५००।०० |
| २२। | देवका न्यौपाने | ७५००।०० |
| २३। | वविता वि.क | ७५००।०० |
| २४। | चक्र गुरुङ | ७५००।०० |
| २५। | लालसिह बोखिम | ७५००।०० |
| २६। | शान्ता मुखिया | ७५००।०० |
| २७। | चर्तुर सुवेदी | ७५००।०० |
| २८। | वेधनिधि पोखरेल | ७५००।०० |
| २९। | गोमा वि.क | ७५००।०० |
| ३०। | खगेन्द्र तिवारी | ७५००।०० |
| ३१। | चरुहाङ लावती | ७५००।०० |
| ३२। | भुमिका महरा | ७५००।०० |
| ३३। | गंगा ओली | ७५००।०० |
| ३४। | विष्णुमाया वि.क | ७५००।०० |
| ३५। | सोवितलाल ताजपुरिया | ७५००।०० |
| ३६। | मनमाया सिवाकोटी | ७५००।०० |
| ३७। | हिमा नेपाली | ७५००।०० |
| ३८। | गोरिमाया श्रेष्ठ | ७५००।०० |
| ३९। | भोजकुमार ढुंगेल | ७५००।०० |
| **जम्मा अक्षरुपी** : पाँच लाख एक हजार रुपैया मात्र ।- | | ५०१०००।०० |

# कमल गाउँपालिकाले स्थापना गरेको प्रकोप व्यवस्थापन कोषमा कमलगाउँपालिका कर्मचारी का तर्फ वाट जम्मा गरेको रकमको विवरण

| क्र.सं. | पद | नामथर | स्थानीय विपद कोषमा जम्मा रकम रु: |
|---|---|---|---|
| १ | प्र.प्र.अ. | सुवास श्रेष्ठ | ३५९९ |
| २ | लेखा अधिकृत | सृजना राई | ३७८७ |
| ३ | अधिकृत आठौं | सुर्य प्रसाद न्यौपाने | ४०३८ |
| ४ | अधिकृत छैटौं | तुलसी ओझा | ३५९९ |
| ५ | अधिकृत छैटौं | रामचन्द्र गजुरेल | ३५९९ |
| ६ | सव इन्जिनियर | तुर्का प्रसाद यादव | २८२० |
| ७ | पशु स्वा. प्रा. | वद्री भट्टराई | ३५९९ |
| ८ | प्रा.स. | रविन गौतम | २८२० |
| ९ | सव ओभरसियर | महेश भण्डारी | २८२० |
| १० | क.अ. | सन्दिप निरौला | २८२० |
| ११ | अ.सव ओभरसियर | आशिमा दाहाल | २६६१ |
| १२ | अ.सव ओभरसियर | शिव प्रकास साह | २६६१ |
| १३ | अ.सव ओभरसियर | राम कुमार आङ्दाम्वे | २६६१ |
| १४ | अ.सव ओभरसियर | गणेश कुमार महतो | २६६१ |
| १५ | इन्जिनियर | सागर यादव | ३५९९ |
| १६ | सु.प्र.अ. | विजय तिम्सिना | ३५९९ |
| १७ | लेखा सहायक | रिता सुवेदी | २८२० |
| १८ | रोजगार संयोजक | भरत चन्द्र तिवारी | ३५९९ |
| १९ | खा.पा.स.टे. | माधव प्रसाद ढुंगाना | २८२० |
| २० | सहायक पाँचौ | देवी प्रसाद फुयल | २८२० |

| क्र.सं. | पद | नामथर | स्थानीय विपद कोषमा जम्मा रकम रु: |
|---|---|---|---|
| २१ | सहायक पाँचौ | तारा वजगाँई | २८२० |
| २२ | सहायक पाँचौ | सागर दाहाल | २८२० |
| २३ | सहायक पाँचौ | अमृत कुमार साह | २८२० |
| २४ | आलेप पाँचौ | देवराज आचार्य | २८२० |
| २५ | सहायक चौथो | पर्वत भण्डारी | २६६१ |
| २६ | सहायक चौथो | लक्ष्मी नारायण ताजपुरिया | २६६१ |
| २७ | स.म.वि.नि. | रेनुका गौतम | २६६१ |
| २८ | स.म.वि.नि. | रिता कार्की | २६६१ |
| २९ | सहायक चौथो | गौरि संकर ओली | २६६१ |
| ३० | सहायक चौथो | पर्शुराम तिम्सिना | २६६१ |
| ३१ | का.स. | दुर्गादेवी कार्की | १९४८ |
| ३२ | का.स. | अनिता ताजपुरिया | १९४८ |
| ३३ | कुचिकार | मोहन अघोरी | १९४८ |
| ३४ | स.क.अ. | सुमन दाहाल | २६६१ |
| ३५ | क.अ. | चिन्तामणी ढकाल | २८२० |
| ३६ | स.क.अ. | सुवास दाहाल | २६६१ |
| ३७ | स.क.अ. | जीवन दाहाल | २६६१ |
| ३८ | सव.ओ.सि. | दिपेन गिरि | २६६१ |
| ३९ | स.क.अ. | पुरन आचार्य | १८०० |
| ४० | स.क.अ. | ओम प्र. ताजपुरिया | १८०० |
| ४१ | स.क.अ. | छिरिङ लामा | १८०० |
| ४२ | स.क.अ. | निवेश गजुरेल | १८०० |
| ४३ | स.क.अ. | अशेष भट्टराई | १८०० |

| क्र.सं. | पद | नामथर | स्थानीय विपद कोषमा जम्मा रकम रु: |
|---|---|---|---|
| ४४ | अमिन | लोक वहादुर राजवंशी | २६६१ |
| ४५ | अ.स.ओ.सि. | भिम प्रसाद रिजाल | १८०० |
| ४६ | का.स. | मुक्ति माझी | १९४८ |
| ४७ | का.स. | उर्मिला पौडेल | १९४८ |
| ४८ | का.स. | दुर्गादवी ढुंगेल | १९४८ |
| ४९ | का.स. | निर्मला गौतम | १५०० |
| ५० | का.स. | मनिसा राई | १५०० |
| ५१ | का.स. | गंगा माया दनुवार | १५०० |
| ५२ | का.सं. | सुसन वस्नेत | १५०० |
| ५३ | का.सं. | रुकमिणा शर्मा | १५०० |
| ५४ | ना.प्रा.स. | रमा रेग्मी | २६६१ |
| ५५ | ना.प्रा.स. | प्रेम प्रसाद पोखेल | २६६१ |
| ५६ | प्रा.स. | महेन्द्र वोहोरा | २८२० |
| ५७ | ना.प्रा.सा. | सोम वहादुर विष्ट | २६६१ |
| ५८ | ना.प.से.प्रा | दिपेन्द्र लामिछाने | २८२० |
| ५९ | का.स. | मिलन कुमार नेपाली | २६५७ |
| ६० | एम.आई.एस.अपरेटर | मञ्जु दाहाल | २८२० |
| ६१ | एम.आई.एस. फिल्ड सहायक | अप्सरा संग्रौला | २६६१ |
| | | **जम्मा** | **१५८५२२** |

उपरोक्त अनुसारका व्यक्तिहरुवाट प्रधानमन्त्री राहत कोषमा समेत रु १८०७२५ थप जम्मा गरेको साथै कर्मचारीले लिदै आएको खाजा खर्च लक डाउन अवधिभर नलिएको ।

# जिन्सि राहत संकलन विवरण

| क.सं | संस्था वा व्यक्तिको नाम | चामल | दाल | नुन | तेल | सावुन | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल वहुउद्धेस्यिय स. संस्था | २०००केजि | | | | | |
| २ | जिवन विकास संस्था,दमक | ५००केजि | ५०केजि | ५०केजि | ५०लि. | ५०थान | |
| ३ | तुलसी वहुमुखि सहकारी संस्था | १००० केजि | ४०केजि | | ४०लि. | | |
| ४ | प्रदिप राई वडा नं ३ | ४००केजि | २०केजि | ४०केजि | ४०लि | ८० थान | |
| ५ | जि.पि. फाउण्डेसन | ६००केजि | | | | | |
| ६ | लिला गौतम,कमल ३ | १३० केजि | ६के जि | १३ के.जि | ७ लि | १५थान | |
| ८ | लुथरन फेडेरेसन | | | | | ७५०थान | |
| ९ | विनोद शाह | | २०० के.जि. | | | | १०० केजि भुजा |
| १० | शिवचन शाह | | | | | | ८० केजि भुजा |
| ११ | कुमार खडका | | | | | | १०० केजि भुजा |
| १२ | पुष्पथिर स्मृति प्रतिस्ठान | | | | ३० | | |
| १३ | अर्नभइनस्ट प्राइजेज हाडवेयर | | | | | | रु ८५०० |
| १४ | डिप्रोक्स लघुवित्त संस्था, कमल ३ | ४७६ | | | | | |
| १५ | सुर्य विनायक किर्तन मण्डलीवाट | १३२ | | | | | |
| १६ | लुम्विनी विकास बैंक | १००० | | | | | |
| १७ | पशुपति टोल विकास | १८५५ | १२५ | १२५ | १२५ | | |

# जिन्सि राहत संकलन विवरण

| क.सं | संस्था वा व्यक्तिको नाम | चामल | दाल | नुन | तेल | सावुन | अन्य |
|---|---|---|---|---|---|---|---|
| १८ | चन्द्रदर्शन सहकारी | १८७५ | | | | | |
| १९ | सृजनशिल टोल विकास, कमल ७ | ५६० | | ४१ | २२.५ | | |
| २० | सरस्वति टोलविकास संस्था,कमल ७ | १९५ | | १७ | ६.५ | | |
| २१ | त्रिवेणी टोल विकास, कमल ७ | २१५ | | | | | |
| २२ | पिङ्डाँडा टोलविकास, कमल ७ | ३७० | | | | | |
| २३ | लालधोन्द्रा टोलविकास, कमल ७ | १५० | १० | १० | १० | | |
| २४ | विष्णुकठ्ठा टोल विकास कमल ७ | | ४० | ५० | २९ | | |
| २५ | सुर्यदर्शन सहकारी | ६०० | | | | | |
| २६ | लगनसिल कृषि सहकारी | | २०० | | | | |
| २७ | नेपाल स्वतन्त्र जडान मजदुर युनियन | ४०० | | | | | |
| २८ | आन्तरिक मामिला तथा कानुन मन्त्रि ज्यू वाट | ६८० केजि तथा १०० पोका | १०० के.जि. | १०० केजि | ५० लि. | नुहाउने २०० थान लुगा धुने ५०० थान | चाउचाउ १००० प्या.मसला १००प्या. विस्कुट १०० पोका |
| २९ | कमल गा पा अध्यक्ष वाट | | | | | | २ थान खाट |

# स्वास्थ्य तथा अन्य सामाग्री संकलन विवरण

| क.सं. | संस्था वा व्यक्तिको नाम | सामाग्री |
|---|---|---|
| १ | कमल नगर जेसिज | क्वारेन्टाइनमा १० वेड को लागि आवस्यक सामान |
| २ | पूर्व नेपाल सहकारी संस्था लि. | पि.पि.इ. १० सेट माक्स ५० पिस |
| ३ | स्वास्थ्य कार्यालय झापा | माग फारम २ प्याड,<br>दाखिला फारम २ प्याड,<br>इक्जामिनेसन ग्लोभ्स १००थान, सर्जिकल माक्स १००थान, सेनिटाइजर (२०० एम एल) २ थान |
| ४ | नेदरल्याण्ड लेप्रोसी रिलिफ | सर्जिकल ग्लोभ्स् १७५ थान<br>सेनिटाइजर (१०० एम एल) १८ थान<br>भाईरेक्स १८ थान<br>सर्जिकल माक्स १०५थान<br>सेनिटाइजर (५०० एम एल) १ थान |
| ५ | शान्ता दाहाल | क्वारेन्टाइनमा वेड थान २ |
| ६ | युन ह्याविट्याट नेपाल | वकेट थान २, मग थान २, सावुन २४०, २०० एम एल लिक्विड १०, सेनिटाइजर थान १०, सेनिटरी प्याड थान २५, डस्टविन थान २, माक्स थान ५००, ग्लोव्स प्याकेट १, रवर ग्लोव्स थान २, वेसिन २ थान, ५०० लिटर पानी ट्याङ्की र स्ट्यान्ड २ थान, |
| ७ | मेचि अभियान | भि.टि.एम. ५० थान, पि.पि.ई ५ सेट, माक्स १०० थान, सेनिटाईजर १२ थान |
| ८ | कारितास नेपाल | प्लाष्टिक फेस सिल्ड ४ थान, पि.पि.इ. ४ थान, बुट ४ थान, बुटकभर ४ थान, एन ९५ मास्क ४३ वटा, ग्लोभ्स ५० जोर, गगल्स ४ थान, सेनिटाइजर ४० थान, थर्मल गन २ थान, सोडियम हाइपोक्लोराइड ५ लि. ४ जार |
| ९ | अन्तर्राष्ट्रिय झापाली समाज | भि.टि.एम. १०० थान |
| १० | खड्गबहादुर सम्बाहाम्फे, कमल ७, झापा (हाल जापान) | रु. १२००० |
| ११ | सुनिता गुरुङ (साविक दमक १०, हाल जर्मन) | रु. १०००० |
| १२ | आइ ओ एम कार्यालय | झुल १०५ थान, सेनिटाइजर १०५ थान, मास्क १०५ थान |
| १३ | प्रनिता (शान्ति) गुरुङ, कमल ७, झापा (हाल युके) | रु. १००१० |